का.जि.प्र.का.द.नं. १००/०५९/६०

१७ असार २०८०,
आइतबार
2 July 2023,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १५७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# कोशीको तरंग सिंहदरबारसम्म

कोशी प्रदेशमा परेको सरकार गठनको कठिनाइको असर संघीय सरकारमा पर्ने नेताहरुको आशंका छ । तर परराष्ट्रमन्त्री एनपी साउद अहिलेको सत्ता गठबन्धन नभत्किने दाबी गर्छन् ।





नेपाली कांग्रेसलाई पुस १० गतेको घटना हेक्का रहेकै छ । हामीले इतिहासबाट पाठ सिक्नुपर्छ त्यसकारण अहिले एमालेसँग नेपाली कांग्रेसको संयुक्त सरकार बन्ने कुनै पनि सम्भावना रहेको छैन ।

**एनपी साउद**
परराष्ट्रमन्त्री

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ असार ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीले प्रदेश सभाबाट विश्वासको मत गुमाएसँगै नयाँ सरकार गठनका लागि छलफल शुरु भएको छ । राजनीतिक दलहरू नयाँ समीकरण निर्माणको प्रयासमा जुटेका छन् । तथापि, प्रदेश प्रमुख परशुराम खापुङले नयाँ सरकार गठनका लागि आह्वान गरिसकेका छैनन् ।

प्रदेश प्रमुख खापुङले नयाँ सरकार गठन नभएसम्म कार्यसञ्चालनको जिम्मेवारी यही मन्त्रिपरिषद्लाई तोकेका छन् । प्रदेश सभाका सभामुख बाबुराम गौतमले मुख्यमन्त्री कार्कीले प्रदेश सभाबाट विश्वासको मत गुमाएको जानकारी प्रदेश प्रमुख खापुङलाई गराइसकेका छन् । अब दुई वटा विकल्प छन्- संयुक्त र अल्पमतको सरकार ।

प्रदेश सरकार गठनबारे संविधानको धारा १६८ मा व्यवस्था गरिएको छ । उपधारा १ मा प्रदेश सभामा बहुमत प्राप्त पृष्ठ २ मा

# गगनको अप्ठ्यारो

सभापति शेरबहादुर देउवा पार्टीभित्र थप बलियो हुँदै गएपछि नेपाली कांग्रेसका महामन्त्री गगन थापाको असन्तुष्टि चर्को देखिन थालेको छ ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १६ असार ।

राजधानी उपत्यकामा शनिबार आयोजित एक कार्यक्रममा नेपाली कांग्रेसका महामन्त्री गगन थापाले पार्टी नेतृत्वप्रति चर्को आक्रोश पोखेका छन् । दोलखा-काठमाडौं सम्पर्क मञ्चले गरेको कार्यक्रममा महामन्त्री थापाले पुरानो पुस्ताको आलोचना गर्ने क्रममा पार्टी सभापति शेरबहादुर देउवाकै उदाहरण दिएका थिए ।

राजनीतिक बितृष्णाको कारण दलहरुको नेतृत्व भएको उनले बताएका थिए । अझ आफ्नै सभापति देउवाप्रति लक्षित गर्दै थापाले एउटै नेता ५ पटक ६ पटक प्रधानमन्त्री बन्नु दुखद् भएको बताए ।

'संसारमा एउटा त्यस्तो देश बताइदिनुहोस्, जहाँ एउटै व्यक्ति ५ पटक प्रधानमन्त्री बन्छ, ६ पटक प्रधानमन्त्री बन्छ, कुनै डेमोक्रेसीमा त्यस्तो हुन्छ ?', थापाले भने । राजनीतिक सुधारका निम्ति आवश्यक परे आफू महामन्त्री छोड्ने समेत तयार रहेको थापाले बताए ।

यसअघि गएको ९ असारमा थापाले अहिलेको सत्ता गठबन्धनप्रति नै संशय प्रकट गरेका थिए । प्रमुख सत्तारुढ दलका पृष्ठ २ मा


## म्यानपावर बिक्रीमा

चालु अवस्थामा रहेको कुनै पनि उजुर बाजुर नभएको मेनपावर बिक्रीमा रहेकोले म्यानपावर लिनु ईच्छुक व्यक्तिहरुले तु-सम्पर्क गर्नु होला ।

सम्पर्क : ९८५१०३५८३०


## वैदेशिक रोजगार विशेष

# १७ बुँदे घोषणापत्र जारी गर्दै एनआरएनए मध्यपूर्व सम्मेलन सम्पन्न



**मदनकुमार श्रेष्ठ/मध्यान्ह**
मस्कट, ओमान, १६ असार

सुरक्षित र मर्यादित वैदेशिक रोजगार तथा सामूहिक लगानी, एनआरएनको संस्थागत विकासलगायतका १७ बुँदे 'मस्कट घोषणापत्र-२०२३' जारी गर्दै गैर आवासीय नेपाली संघ (एनआरएनए)को आठौं मध्यपूर्व क्षेत्रीय सम्मेलन ओमानको राजधानी मस्कटमा सम्पन्न भएको छ ।

'अनिवार्य सामाजिक सुरक्षा र सम्मानित वैदेशिक रोजगार रेमिट्यान्सको सही लगानी राष्ट्र निर्माणको आधार' भन्ने मूल नारासहित गैर आवासीय नेपाली संघको मध्यपूर्व क्षेत्रीय परिषद्को मुख्य आयोजना र राष्ट्रिय समन्वय पृष्ठ २ मा


## VACANCY ANNOUNCEMENT

Life Line Overseas Pvt. Ltd, is a pioneer and market leader in the field of manpower recruiting business.
we are looking to extend our work scope in near future:

Designation : Recruitment officer
No of Requirements : 2 (Male/Female)
Required Qualification : Bachelor Clear
Work Experience : Minimum 2 Years of work experience in related field

SALARY Negotiable

Good English, Experience in recruitment field & computer knowledge.
Female Candidates are highly encouraged to apply.

Drop your CV at nabin@lifelineoverseas.com
Mob.: 9851040960 | 9851193449

लाईफ लाईन ओभरसिज प्रा. लि.
श्रम इजाजत पत्र नं.: ३३७/०५९/०६०
गोगंबु, काठमाडौं, नेपाल,
फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१


## सम्पादक श्रेष्ठ सम्मानित



मस्कट/मस- मध्यान्ह राष्ट्रिय दैनिकका सम्पादक मदनकुमार श्रेष्ठ सम्मानित भएका छन् । ओमानको मस्कटमा भएको गैरआवासीय नेपाली संघ (एनआरएनए)को आठौं मध्यपूर्व क्षेत्रीय सम्मेलनमा मध्यान्ह पृष्ठ २ मा

## संघको स्थापना दिवस आज

**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले विभिन्न कार्यक्रम गरी आज आफ्नो स्थापना दिवस मनाउँदै छ । २०४९ साल साउन १७ गते सात जना वैदेशिक रोजगार व्यवसायीले स्थापना गरेको संघमा हाल साढे ९ सयभन्दा बढी व्यवसायी पृष्ठ २ मा


## हार्दिक आमन्त्रण

नेपाल बैदेशिक रोजगार व्यवसायी संघको ३१ औ बार्षिकोत्सबको उपलक्ष्यमा संघले आयोजना गरेको कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका माननिय मन्त्री शरत सिंह भण्डारीज्यूको प्रमुख आतिथ्यतामा हुन गई रहेको रक्तदान, CSR कोषमा जम्मा भएको आर्थिक सहयोग हस्तान्तरण, पूर्व अध्यक्षज्यूहरुलाई सम्मान लगायत बिविध सांस्कृतिक कार्यक्रम रहेको याहाँलाई अवगत भएकै बिषय हो, तसर्थ यहाँहरुको गरिमामय उपस्थितिका साथ कार्यक्रम सफल बनाउन हामी सवैको कर्तव्य र दायित्व रहने हुदाँ सम्पूर्ण व्यवसायीज्यूहरुलाई निम्न मिति, समय र स्थानमा उपस्थितिका निमित्त हार्दिक आमन्त्रण गर्दछौ ।

मितिः २०८० असार १७ गते आइतबार
समयः बिहान ८ बजे देखि ११ बजे सम्म रक्तदान
११ बजे देखि सम्मान,सांस्कृतिक तथा बिविध कार्यक्रम
स्थानः संघको कार्यालय, तिलगांगा, काठमाडौ

मेघनाथ भुर्तेल
महासचिव

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
तिलगंगा-८, काठमाडौ, फोन नं. ०१- ४५९०९६९/४५९४४१८,९८०१०९७८८२



## बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) द्वारा जारी

### अत्यन्त जरुरी विज्ञप्ती

बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) को मिति २०८० असार १४ गते, बिहिवारका दिन बसेको सातौं बैठकले बैंक तथा वित्तीय संस्था, सोको सम्पत्ति, साख एवम् सोमा कार्यरत कर्मचारीहरुको विरुद्धमा विभिन्न व्यक्ति, संस्था तथा समुहहरुबाट निरन्तर रुपमा भइरहेको भौतिक आक्रमण एवम् गैरकानूनी गतिविधिहरुको सम्बन्धमा तपसिल बमोजिमको निर्णय गरेकोले सम्बन्धित सबैको जानकारीको लागि यो विज्ञप्ती प्रकाशित गरिएको छ ।

**तपसिल**

कुनै पनि व्यक्ति, समूह वा संघ संस्थाको आवरणमा बैंक तथा वित्तीय संस्थाको साख, गरिमा, विश्वसनियता वा सम्पत्तिमा हानि नोक्सानी पुऱ्याउने, बैकिङ्ग व्यवसायमा अवरोध सिर्जना गर्ने, बैंक तथा वित्तीय संस्थाका सम्बन्धमा भ्रम सृजना गर्ने, बैंक वित्तीय संस्थाहरुबाट लिएको कर्जाको साँवा ब्याज नतिर्न दुरुत्साहन गर्ने र बैंक तथा वित्तीय संस्थाहरुमा कार्यरत कर्मचारीहरुलाई भौतिक आक्रमण गर्ने, ***मानमर्दन गर्ने, वा आफ्नो कर्तव्य पालना गर्न असुरक्षित एवम् असमर्थ बनाउने लगायत प्रचलित कानूनबाट बर्जित क्रियाकलापहरु देशका विभिन्न स्थानहरुमा निरन्तर रुपमा भैरहेकोले त्यस्तो क्रियाकलाप गर्ने जोसुकै व्यक्ति तथा संघसंस्थाहरुका विरुद्ध अनिवार्य रुपमा मुद्दा चलाउने तथा प्रचलित कानून बमोजिम कडा कारवाहीका लागि सम्बन्धित निकायमा उजुरी गर्ने*** लगायत बैंक तथा वित्तीय संस्थाको निक्षेपकर्ता, ऋणी तथा समग्र सरोकारवालाहरुको हकहित संरक्षणको लागि आवश्यक कदम चाल्न बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) र यसमा आवद्ध सबै बैंक वित्तीय संस्थाहरु पूर्ण रुपमा एकताबद्ध, प्रतिबद्ध र दृढ संकल्पित रहेको विषय सबै सरोकारवालाहरुको जानकारीको लागि सूचित गर्दछौं ।

साथै, बैंक तथा वित्तीय संस्था र सोमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको प्रभावकारी सुरक्षा प्रबन्ध मिलाउन सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय गृह मन्त्रीज्यू, गृह सचिवज्यू, प्रहरी महानिरिक्षकज्यू, ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यूहरु लगायत सम्बन्धीत सबै समक्ष जोडदार माग गर्दछौं।

यदि निर्वाध रुपमा सुरक्षित वातावरणमा प्रचालित ऐन कानुनद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई प्रदत्त अधिकारको प्रयोग गर्दै सोही बमोजिम निर्देशित बैंक तथा वित्तीय संस्थाहरुले बहन गर्नुपर्ने कर्तब्य तथा जिम्मेवारी पूरा गर्न सहज हुने वातावरणको सुनिश्चितता नेपाल सरकार र सो अन्तर्गतका निकायहरुबाट हुन नसक्ने हो भने नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो सेवा पूर्ण रुपमा बन्दै गर्नुपर्ने परिस्थिति सृजना हुन सक्नेतर्फ सचेत गराउँदै र सोबाट आम निक्षेपकर्ता, ऋणी लगायत सम्पूर्ण सरोकारवालाहरुको हक, हित संरक्षण तथा सम्बर्द्धनमा गम्भीर र संकट उत्पन्न हुने र यसबाट अन्ततोगत्वा समग्र अर्थतन्त्रमा नै अकल्पनीय संकट सिर्जना हुने भएकोले नेपाल सरकारलगायत सम्बन्धित सबैको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छौं ।

CONFEDERATION OF BANKS AND FINANCIAL INSTITUTIONS, NEPAL
सिबिफिन सचिवालय
सिटिसी मल, सुन्धारा, काठमाडौं
वेभसाइट : www.cbfinepal.com

मध्यान्ह
www.madhyanhadaily.com
१७ असार २०८०, आइतबार
2 July 2023, Sunday

नयाँ नागरिकता ऐन

# आमाको नामबाट नागरिकता लिन अझै जटिलता

**पिन्टु यादव/मध्यान्ह**
राजविराज, १६ असार



'नयाँ नागरिकता ऐन २०७९' बमोजिम आमाको नामबाट नागरिकताको प्रमाणपत्र पाउन थप जटिलता उत्पन्न हुने देखिएको छ। ऐनले बाबुको पहिचान सम्बन्धमा स्पष्ट नबोलेकोले जटिलता उत्पन्न हुने भएको हो।

पहिचानसँग जोडिएको नाम,थर र वतनमध्ये कुनै एकबारे आमाले पहिचान गर्न नसकेको अवस्थामा आमाको स्वघोषणा आवश्यक देखिएपनि जिल्ला प्रशासनहरुले बाबुको नाम थाहा पाउनेलाई नागरिकता दिन जटिलता उत्पन्न हुने बताएका छन्।

नेपाली नागरिक आमाबाट जन्म भइ नेपालमै स्थायी बसोबास गरिरहेका सन्तानलाई वंशजको आधारमा नागरिकता दिने संवैधानिक व्यवस्था रहेको छ। तर नयाँ ऐनले बाबुको कस्तो पहिचानलाई मुख्य मान्नेबारे अलमलिएको हो।

गृह मन्त्रालयले कार्यविधि बनाएर नागरिकता वितरण गर्ने बताइएको छ। तर नेपाली नागरिक आमाको सन्तानको जन्मदर्तामा बाबुको नाम हुनेलाई पहिचान भएको अथवा नभएको बारे अन्योलता देखाएको छ।

त्यसकारण 'नागरिकता ऐन २०७९' कार्यान्वयनमा आएपनि आमाको नामबाट नागरिकता दिन शुरु गरेको छैन।

नयाँ नागरिकता ऐन बमोजिम धमाधम नागरिकता वितरण भइरहेको छ। जिल्ला प्रशासन कार्यालय सप्तरीबाट दिनहुँ जन्मसिद्धका सन्तानले वंशजका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिइरहेका छन्। आमाको नामबाट नागरिकता प्रमाणपत्र दिन शुरु नगरेतापनि नेपाली नागरिक आमाको नामबाट नागरिकताको प्रमाणपत्र लिन थप जटिलता बनाएको पीडितको गुनासो छ।

नयाँ ऐन बमोजिम आमाले आफ्नो सन्तानलाई बुबाको नाम समेत बताउन नसक्ने अवस्था सृजना गरिएको छ। आमाले गर्भधारण गरिरहेका बेला त्यो गर्भ कसको हो ? भन्ने बारे समेत खुलाउन नसक्ने अवस्था देखिएको छ। जसले आमा र सन्तानको स्वाभिमानमाथि औंला उठाएको हो। नागरिकता वितरण गर्न गृहको बुझाइमा बुबाको नाम उल्लेख भए जटिलता उत्पन्न हुने संकेत गरेसकेपछि लाखौं सन्तानको जन्मदर्ताको प्रमाणपत्रमा बुबाको नाम उल्लेख गरिएकाले नागरिकता पाउन मुस्किल हुने अवस्था आएको छ।

बुबाको पहिचानसँग जोडिएको मुख्यतः नाम,थर र वतनमध्ये कुनै एक पहिचान हुन सक्नेलाई नागरिकता वितरण हुने संवैधानिक भावनाको विपरित गृहले बाबुको पहिचान सम्बन्धमा बाध्यात्मक स्थिति सृजना गरी अनागरिक बनाइ राख्ने मानसिकता देखाउन खोजिएको छ।

नागरिकता लिँदा बुबाको नाम उल्लेख गरिएका सन्तानलाई सहजै नागरिकता दिनुपर्नेमा बुबाको नामै नहुनुको अर्थ आमाले जन्मदिएका सन्तानको स्वाभिमानमाथि प्रश्न उठने प्रष्ट छ। भोलिका दिनमा सन्तान कसरी जन्मेको भन्ने प्रमाणित गराउनुपर्दा थप पिडा हुने निश्चित छ। त्यसमाथि पनि आमाको स्वाभिमानको चिरहरण अवस्था आएको छ। गृह मन्त्रालयको बुझाइमा वैदेशिक रोजगारीमा गएका महिलाले नेपाल फर्किने बेला गर्भधारण गरी जन्माएका सन्तानलाई नागरिकता दिने संकेत गरेका छन्। त्यस्तै आमाले गर्भधारण गरिरहँदा त्यो गर्भ कसको हो भन्ने पहिचान हुन नसक्ने अवस्था सृजना गरिएको छ।

नेपाली नागरिक आमाबाट जन्म भइ नेपालमै स्थायी बसोबास गरिरहेका सन्तानले प्राप्त गरेको शैक्षिक योग्यता, जन्मदर्ताको प्रमाणपत्र, स्थायी बसोबास प्रमाणित र नाता प्रमाणित र स्वघोषणाका आधारमा नागरिकता दिन सक्नुपर्छ। तर बाबु बिना नै आमाले सन्तानको जन्म कसरी दिने भन्नेबारे समेत अन्योलतामा पार्ने षड्यन्त्र हुँदैछ। बलात्कृत महिलाले समेत आफुले जन्मदिएको सन्तानको बुबा बलात्कारीको नाम लिन सकिन्छ। तर नयाँ ऐन बमोजिम आमाले सन्तानको बुबा समेत उल्लेख गर्न नपाउनुले संकट थपिने देखिन्छ।

यसर्थ, पहिचानसँग जोडिएको नाम, थर र वतनमध्ये कुनै एक पहिचान नहुने अवस्थामा समेत स्वघोषणा गरिएको अवस्थामा नागरिकता दिँदा नागरिकता समस्या हदैसम्म समाधान हुने सरोकारवालाहरुले जनाएको छ। नागरिकता समस्या समाधानका निमित्त गृहले स्पष्ट कार्यविधि बनाइ छिटोभन्दा छिटो नागरिकता वितरण शुरु गर्नुपर्नेमा पीडितहरुको जोड छ। नेपाल सरकार गृह मन्त्रालयको तथ्यांक अनुसार नेपालमा करिब एक लाख सन्तानले आमाको नामबाट नागरिकता प्राप्त गर्न योग्य रहेको बताइएको छ।

# बालविवाह रोक्न ३८ धामीझाँक्रीको लिखित प्रतिबद्धता

**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, १६ असार



जुम्लाको हिमा गाउँपालिकाले २०८० को वर्षलाई बालविवाहमुक्त अभियान वर्ष घोषणा गरेको छ। सामाजिक सञ्जालको दुरुपयोग, अशिक्षा, गरिबी, देखासिखीका कारणले बढ्दै गएको बालविवाह रोक्न हिमाले अभियाननै सञ्चालन गर्ने भएको छ।

यसैबीच महिला तथा बालबालिका शाखाद्वारा शुक्रबार 'बालविवाह न्यूनीकरणका लागि धामीझाँक्री, पुरोहितको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

अन्तरक्रियामा बालविवाहमुक्त वर्षलाई सफल पार्न वडाको सिफारिस तथा जन्मदर्ता हेरेर मात्रै लगन दिन र बालविवाहमुक्त पालिका घोषणा गर्ने लक्ष्यका साथ लाग्न भन्दै पालिकाभरीका ३८ जना धामीझाँक्री र पुरोहितले प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेका छन्।

बालविवाहमुक्त वर्ष अभियान अन्तर्गत हिमाका ७ वटै वडाका विभिन्न कार्यक्रम सञ्चालन हुने छन्। जसअन्तर्गत पहिलो कार्यक्रम पालिकाभरी रहेका धामीझाँक्रीको लिखित प्रतिबद्धता लिइएको हो। धामी गोरेनाथले वडाको सिफारिस बिना अब लगन नदिने प्रतिबद्धता गरेका छन्।

समाजमा देवीदेवताको लगनबिना विवाह नगर्ने चलन रहेकोले धामीहरु निर्मम भएर अघि बढे बालविवाह रोकिने उनको भनाइ छ। अर्का धामी लङ्क शाहीले सामाजिक कुरितीविरुद्ध आफुहरु पनि लाग्ने बताए। समाजले धामीको भनाइलाई सहजै मान्ने भएकै कारणले आफुहरुले कुरितीविरुद्ध समाजलाई चेतना फैलाउने बताएका छन्। गाउँपालिका अध्यक्ष लक्ष्मण बहादुर शाहीले नेपालाई सन् २०३० सम्म बालबिवाहमुक्त बनाउने लक्ष्यनुसार हिमाले गाउँबस्ती बालविवाहमुक्त गर्ने अभियान चलाएको बताए। एक वर्षभित्र पालिकालाई बालविवाहमुक्त बनाउने उनको दाबी छ।

बालबिवाह न्यूनीकरणको पहिलो अस्त्रका रुपमा धामीझाँक्रीलाई अघि सारिएको छ। बालविवाहमुक्त पालिका घोषणा गर्ने अभियानमा अटेरी गर्नेलाई सेवासुविधाबाट बञ्चित गर्नेदेखि कारबाहीसम्म गरिने अध्यक्ष शाहीले बताए।

प्रमुख प्रशासकीय अधिकृत रण बहादुर बुढाले हिमालाई जुम्लाकै पहिलो बालविवाहमुक्त पालिका घोषणा गर्ने गरी यूवा, नागरिक समाज, धामीझाँक्री, महिला, जेष्ठ नागरिक, राजनीतिक दल सबैसँग सहकार्य गरी विभिन्न कार्यक्रममार्फत अभियान चलाइने बताए। महिला तथा बालबालिका शाखा प्रमुख राज्यलक्ष्मी रावलले गरिबीका कारण बालविवाह बढ्दै गएकोले विपन्न समुदाय पहिचान गरी जनचेतनासँगै उत्पादनमुलक कार्यक्रम ल्याउनुपर्ने बताइन्।

# देवदहमा विपद् उद्धार सामग्री वितरण

**रेशम अधिकारी/मध्यान्ह**
रुपन्देही, १६ असार



रुपन्देहीको देवदह नगरपालिकाले विपद् उद्धार सामग्री वितरण गरेको छ। वर्षायाम शुरु भएसँगै नेपालका विभिन्न स्थानमा भारी वर्षा भइरहेको छ। भारी वर्षासँगै आउने बाढी तथा पहिरोले पुऱ्याउने क्षति न्यूनीकरणका लागि देवदह नगरपालिकाले विपद् उद्धार सामग्री सशस्त्र प्रहरी बल (एपीएफ), देवदह प्रहरी चौकी र नगर प्रहरीलाई वितरण गरेको हो।

देवदह नगरपालिकाकी उपप्रमुख विद्यालक्ष्मी गुरुङ, नगर प्रवक्ता गणेश डुम्रे, देवदह नगरपालिका वडा नं ६ का वडाध्यक्ष एवम् देवदह नगरपालिका विपद् व्यवस्थापन समितिका संयोजक खेम थापालगायत अन्य जनप्रतिनिधिको रोहबरमा उद्धार सामग्री वितरण गरिएको हो।

अहिलेको अवस्थामा उच्च वर्षाका कारण धेरै ठाउँमा प्राकृतिक विपत्ति आउने भएकाले पूर्वतयारी स्वरुप नै उद्धार सामग्री वितरण गरिएको नगर प्रवक्ता गणेश डुम्रेले जानकारी दिए।

गैंती ३ थान, बेल्चा ४ थान, बनचरो १ थान, रेनकोट ५ थान, गमबुट स्टिल ५ थान, लाइफ ज्याकेट ५ थान, बकेट स्टिल २ थान, फायर एक्स्टिन्ग्युसर २ थान, सर्चिङ लाइट १ थान, इमर्जेन्सी लाइट १ थान, स्ट्रेचर फोल्डिङ १ थान, मेगा फोन ३ थान, हेडलाइट २ थान र ६ जना अट्ने क्याम्पिङ टेन्टसहित दुई लाख पचास हजार रुपैयाँ बराबरको सामग्री वितरण गरिएको देवदह नगरपालिका विपद् व्यवस्थापन समितिका संयोजक थापाले जानकारी दिए।

## ज्यामिरे-अस्नैया सडक अवरुद्ध

वर्षाका कारण नवलपरासीको सुनवल नगरपालिका वडा नं ७ ज्यामिरे-अस्नैया सडकखण्ड अवरुद्ध भएको छ। लगातारको वर्षाका कारण चारपालाको निर्माणाधीन पुलको डाइभर्सनमा बाढी आएपछि सडकखण्ड अवरुद्ध भएको हो।

ज्यामिरे-अस्नैया सडकखण्डअन्तर्गत चारपालामा रहेको पुरानो पुलको स्थानमा नयाँ पुल निर्माणको काम थालिएको थियो। आवतजावतलाई सहज बनाउनका लागि वैकल्पिक बाटोको रुपमा डाइभर्सन निर्माण गरिएपनि समयमै पुल निर्माण पूरा हुन नसक्दा यात्रुले सास्ती व्यहोर्नुपरेको छ।

सडकखण्ड अवरुद्ध भएपनि साना र अति आवश्यक सवारी साधनहरुले वैकल्पिक बाटोको रुपमा मगरटोलाको भित्रीबाटो प्रयोग गरेको प्रहरीले जनाएको छ।

# दाइजो प्रथालाई चुनौती दिँदै मुन्ना र रियाले गरे आदर्श विवाह

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, १६ असार



तराई/मधेशमा दाइजो तथा तिलक लेनदेन गरेर विवाह गर्ने जातिमध्ये कठबनिया पनि एक हो। सामान्य काराबार हुने कठबनियाका छोराको विवाहमा ५/७ लाख तिलक लिनु प्रायः सामान्य मानिन्छ। तर सोही जातिका एक जनाले बिना दाइजो विवाह गरेर उदाहरणीय काम गरेका छन्।

सर्लाहीको हरिवन नगरपालिका-११ का मुन्ना कुमार दासले बिना दाइजो विवाह गरेर सिङ्गो समाजमा उदाहरणीय बनेका छन्। स्वर्गीय सोहन दासका छोरा मुन्ना र बरहथवा नगरपालिका निवासी स्वर्गीय गान्धी दासकी छोरी रिया कुमारी दासबीच शुक्रबार आदर्श विवाह भएको हो।

दुवैतर्फका परिवार शिक्षित भएका कारण उनीहरू बिना दाइजो विवाहका लागि सहमत भएका थिए। दाइजोकै कारण तय भएको विवाहसमेत नहुने, दाइजो नदिएका कारण बुहारीलाई अमानवीय व्यवहार गरिनेजस्ता घटना भइरहँदा बिना दाइजोको विवाह भइरहेको भनी जानकारी पाएपछि उनीहरूलाई बधाईसहित शुभकामना दिन प्रतिष्ठित व्यक्तित्वहरूसमेत वैवाहिक समारोहमा उपस्थित भए।

दाइजो प्रथालाई निर्मूलीकरण र समाजमा छोरीप्रतिको सकारात्मक सन्देश दिन आदर्श विवाह गरेको मुन्नाले बताए। सामाजिक परिवर्तनका लागि शुरुवात आफैंबाट गर्नुपर्ने भन्दै मुन्नाले दाइजो लिनेलाई समाजले बहिष्कार गर्नुपर्ने बताए। मुन्ना हाल सर्लाहीको हरिवनस्थित एक खाद्यान्न स्टोरमा मुनिमको रुपमा कार्यरत छन्।

दुलही रिया भने सर्लाहीको बरहथवा एफएममा विगत दश वर्षदेखि कार्यक्रम सञ्चालिकाको रुपमा कार्यरत छिन्। मुन्ना र रियाकाबीच शुक्रबार भएको आदर्श विवाहमा बरहथवा एफएमका प्रबन्ध निर्देशक घनश्याम सिंहले कन्यादान गरेका थिए।

रियाले छोरा-छोरीबीचको विभेद मेटाएर अभिभावकहरूले छोरासरह छोरी पढाएर सक्षम बनाउँदै शिक्षित युवाहरूले दाइजोलाई बहिष्कार गर्नुपर्ने बताइन्। पढेलेखेका युवाहरू नै दाइजो लेनदेनमा संलग्न हुन्छन् भने शिक्षा र उपाधिको कुनै अर्थ नहुने उनको भनाइ छ।

# महाकाली नदीमा हाम फालेर एक पुरुष बेपत्ता



**दिपक बाबु साउँद/मध्यान्ह**
दार्चुला, १६ असार

दार्चुलाको महाकाली नदीमा हाम फालेर एक पुरुष बेपत्ता भएका छन्। जिल्ला सदरमुकाम खलंगाको रिङनतालबाट महाकाली नदीमा हाम फालेर एक पुरुष बेपत्ता भएका हुन्।

शनिबार बेलुका ४ बजेतिर रिङनतालबाट ती पुरुषले महाकाली नदीमा हाम फालेको जिल्ला प्रहरी कार्यालय दार्चुलाका प्रहरी निरीक्षक एवम् सुचना अधिकारी जगत गाहा मगरले मध्यान्हलाई बताए।

हाम फालेको ठाउँमा ती पुरुषका चप्पल भेटिएको छ। तर हाम फाल्ने व्यक्तिको परिचय भने नखुलेको प्रहरीले जानकारी दिएको छ। नेपाल प्रहरी र सशस्त्र प्रहरीले ती पुरुषको खोजीकार्य गरिरहेको जिल्ला प्रहरी कार्यालय दार्चुलाले जनाएको छ।

## कोशीको...

संसदीय दलको नेतालाई मुख्यमन्त्री चयन गर्ने व्यवस्था छ। अहिले कोशी प्रदेश सभामा कुनै पनि पाटीको बहुमत छैन।

कुनै पनि दलको स्पष्ट बहुमत नभएमा दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभा सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्ने व्यवस्था उपधारा २ मा गरिएको छ। यही उपधारा अनुसार नेकपा (माओवादी केन्द्र), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र जनता समाजवादी पार्टी (जसपा)को समर्थनमा नेकपा एमाले संसदीय दलका नेता कार्की मुख्यमन्त्री बनेका थिए। माओवादी र जसपाले समर्थन फिर्ता लिएकाले उनको सरकार ढलेको छ।

प्रदेश प्रमुख खापुङले संविधानको धारा १६८ को पुनः उपधारा २ बमोजिम वा उपधारा ३ बमोजिम सरकार गठनका लागि आह्वान गर्न सक्छन पुनः उपधारा २ बमोजिम आह्वान भयो भने दुई वा दुईभन्दा बढी दल मिलेर संयुक्त सरकार गठनका लागि पहल हुनेछ।

तर, उपधारा ३ बमोजिम आह्वान गरियो भने फेरि कार्की नै मुख्यमन्त्री हुन सक्नेछन्। उपधारा ३ मा भनिएको छ, 'उपधारा २ बमोजिम मुख्यमन्त्री नियुक्त हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त मुख्यमन्त्रीले उपधारा ४ बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा प्रदेश प्रमुखले प्रदेश सभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्नेछ।'

अहिले कोशी प्रदेशमा एमाले सबैभन्दा ठूलो दल हो। ९३ सदस्यीय प्रदेश सभामा एमालेका ४०, नेपाली कांग्रेसका २९, माओवादीका १३ (सभामुख सहित), राप्रपाका ६, नेकपा एकीकृत समाजवादीका चार र जसपाका एक सांसद छन्।

कोशी प्रदेशमा परेको सरकार गठनको कठिनाइको असर संघीय सरकारमा पर्ने नेताहरुको आशंका छ। तर, परराष्ट्रमन्त्री एनपी साउदले अहिलेको सत्ता गठबन्धन नभत्किने दाबी गर्दछन्।

बाहिर हल्ला अनुसार एमालेसँग मिल्ने कुनै सम्भावना नरहेको उनको दाबी छ। नेपाल प्रेस युनियन डडेल्धुरा शाखाले शनिबार जिल्ला सदरमुकाममा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले भने, 'नेपाली कांग्रेसलाई पुस १० गतेको घटना हेक्का रहेकै छ। हामीले इतिहासबाट पाठ सिक्नुपर्छ त्यसकारण अहिले एमालेसँग नेपाली कांग्रेसको संयुक्त सरकार बन्ने कुनै पनि सम्भावना रहेको छैन।' उनले प्रतिपक्षका मागलाई सरकारले अधिकतम सम्बोधन गर्ने प्रयास गरिरहेको बताए।

## गगनको...

महामन्त्री थापाले चित्त नबुझे सरकार परिवर्तन हुन सक्ने बताएका थिए। जसले सरकारको आयुप्रति प्रश्न उठेको थियो भने प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सार्वजनिक रुपमै गठबन्धन टिक्ने बताउनुपरेको थियो।

महामन्त्री थापाको यस्तो असन्तुष्टि जनाउनुमा भने पार्टीभित्र उनको भूमिका हो। अहिले कांग्रेस सभापति देउवा थप शक्तिशाली बनेका छन्। गएको १४औं महाधिवेशनमा देउवासँग सभापति पदमा प्रतिस्पर्धा गरेका शेखर कोइरालाले अहिले लगभग आफ्नो समूह छाडेका छन्। कोइरालाले सभापति देउवालाई नै साथ दिन पुग्दा महामन्त्री थापाको समूह कमजोर छ। थापालाई अर्का महामन्त्री विश्वप्रकाश शर्मा र नेता प्रदीप पौडेलले साथ दिइरहेका छन्।

देउवालाई साथ दिदै रामचन्द्र पौडेल राष्ट्रपति निर्वाचित भइसकेका छन्। यसअघि प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, विमलेन्द्र निधि लगायत सभापति देउवा निकट हुन पुगिसकेका छन्। १४औं महाधिवेशनमा पनि ८० प्रतिशत बढी देउवा निकटकै नेताहरुले जितेका थिए। सभापतिमा भने कोइरालाले त्यसबेला ४० प्रतिशत मत ल्याएका थिए। तर कोइराला नै देउवातिर लागेपछि अहिले महामन्त्री थापा पार्टीभित्र कमजोर बन्न पुगेका छन्। त्यसैकारण महामन्त्री थापाले देश दौदाहामा निस्कने बताइरहेका छन् भने नेतृत्वप्रति चर्को असन्तुष्टि जनाउँदै आएका छन्।

## १७ बुँदे ...

परिषद् ओमानको आतिथ्यतामा मस्कटस्थित होटेल मस्कट होलिडेमा सम्मेलन आयोजना गरिएको थियो। समापन कार्यक्रम भने ओमानस्थित नेपाली दूतावासमा सम्पन्न भएको हो। संघका प्रवक्ता सोम सापकोटाले मस्कट घोषणापत्र सार्वजनिक गरेका थिए।

शुक्रबार राति सम्पन्न सम्मेलनमा गैर आवासीय नेपाली समुदायले उठाउँदै आएका मागहरू समाधानका लागि सहकार्य गर्ने विषयमा नेपाल सरकारका प्रतिनिधिसहित नेपालका प्रमुख राजनीतिक दलका नेतृत्वपंक्तिमा रहेका नेताहरूले साझा प्रतिबद्धतासमेत व्यक्त गरेका छन्।

कार्यक्रममा नेपाली कांग्रेसका उपसभापतिसमेत रहेका उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, लोकतान्त्रिक समाजवादी पार्टीका नेता तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी, नेकपा एमालेका सचिव तथा पूर्वउपप्रधानमन्त्री रघुवीर महासेठ, नेकपा माओवादी केन्द्रका नेता एवम् पूर्वअर्थमन्त्री जनार्दन शर्मा, नेकपा एकीकृत समाजवादीका नेता एवम् पूर्वश्रममन्त्री कृष्ण कुमार श्रेष्ठ (किसान)लगायतले एनआरएनएको हक, हित र अधिकारका लागि ऐक्यबद्धता जनाए।

उनीहरूले वैदेशिक रोजगारमा रहेका र भविष्यमा आउने लाखौं नेपाली कामदारका समस्या समाधान तथा गैर आवासीय नेपालीको नेपालमा लगानीको सुरक्षाको सम्बन्धमा समेत साझा प्रतिबद्धता जनाएका छन्। मस्कट घोषणापत्रमा मुख्यतः खाडी मुलुकमा कार्यरत नेपाली कामदारका अधिकार, नेपाली अर्थतन्त्रमा उनीहरूले पठाएको रेमिट्यान्सको योगदान, लामो समयपछि पनि वैदेशिक रोजगारमा संलग्न कामदार र उनीहरूमा आश्रित परिवारको जोखिमको अवस्था, कामदार र उनीहरुको परिवारको मानसिक स्वास्थ्य, उनीहरूको भाषा, सीपमूलक तालिम तथा पुनःएकीकरण, सामाजिक सुरक्षा कोषमा आवद्धता, अनिवार्य सामाजिक सुरक्षाजस्ता समसामयिक विषय समेटिएको छ। वैदेशिक रोजगारीमा जाने नेपालीको जनचेतना वृद्धि र विदेशमा सिकेका ज्ञान तथा सीपलाई स्वदेशमा उपयोगलगायतका विषय पनि घोषणापत्रमा समेटिएको छ।

समापन कार्यक्रममा एनआरएनका एक अध्यक्ष बद्री केसीले सामाजिक सुरक्षा कोषमा नेपाल सरकारले पनि योगदान दिनुपर्ने माग राख्दै एनआरएनएका तर्फबाट तत्कालका लागि एक करोड रूपैयाँ योगदानको घोषणा गरे।

घोषणापत्र सार्वजनिक गर्नुअघि सम्मेलनका क्रममा सहभागीहरूले विदेशस्थित नेपाली नियोगमार्फत हुने श्रम स्वीकृतिको प्रभावकारिता अनुगमनको व्यवस्था, श्रम सीप बैंकको स्थापना, कामदार र सरकारी निकायबीच समन्वय, वैदेशिक रोजगारीमा रहेकाको लागि सञ्चयकोषको व्यवस्था गर्न नेपाल सरकारको ध्यानाकर्षण गराएका थिए।

मध्यपूर्वमा कार्यरत अधिकांश नेपाली शिक्षा र चेतनाका दृष्टिकोणले पछि परेको मानिँदै आएको छ। सम्मेलनमा कतिपय नेपाली कामदार सूचना, स्थानीय भाषा र कानूनी ज्ञानको कमीलगायत विविध कारणले जेलजीवन बिताउनुपरेको र कतिपय गम्भीर दुर्घटनामा परी अंगभंग हुने प्रवृत्ति व्यापक देखिएको भन्दै उनीहरूका समस्या समाधानका लागि दबाब दिइएको छ।

सम्मेलनमा उपप्रधानमन्त्री, मन्त्री र राजनीतिक दलका नेताहरूसहित बहराइनका लागि नेपाली राजदूत तिर्थराज वाग्ले, साउदीका लागि नेपाली राजदूत नवराज सुवेदी, ओमानका लागि नेपाली राजदूत डोरनाथ अर्याल, कतारका लागि नेपाली राजदूत डा. नरेश बिक्रम ढकालको सहभागिता रहेको थियो।

सम्मेलनमा नेपालबाट वैदेशिक रोजगार विभागका महानिर्देशक मदन दहाल, वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेती, श्रम मन्त्रालयका सहसचिव रामचन्द्र ढकाल, सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवाली, निर्देशक कृष्ण अधिकारी, मन्त्रालयका सल्लाहकार डा आभासकुमार लाभको सहभागिता रहेको थियो।

त्यसैगरी गैर आवासीय नेपाली संघका अध्यक्षहरु, पूर्वअध्यक्ष, संरक्षक, पदाधिकारी, सदस्यलगायत विभिन्न मुलुकका एनसीसीका प्रतिनिधि, एनआरएनएका अभियन्ता तथा सञ्चारकर्मीलगायत करिव दुई सय जनाको सहभागिता रहेको थियो।

## सम्पादक...

राष्ट्रिय दैनिकका सम्पादक श्रेष्ठलाई कार्यक्रमका प्रमुख अतिथि, उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले मायाको चिनो र सम्मानपत्रसहित सम्मानित गरे।

सो अवसरमा विभिन्न क्षेत्रमा कार्यरत सञ्चारकर्मीहरु, कलाकारहरु र गैर आवासीय नेतृत्वहरुलाई सम्मानपत्र र मायाको चिनो प्रदान गरी सम्मान गरिएको थियो।

## संघको ...

आवद्ध छन्। संघले आफ्नो स्थापना दिवसका अवसरमा आइतबार रक्तदान, सांस्कृतिक कार्यक्रम तथा विविध सम्मानको कार्यक्रम राखेको बताएको छ। रक्तदान कार्यक्रम बिहान ८ बजेदेखि ११ बजेसम्म संघको कार्यालय तिलगंगामा राखिएको महासचिव मेघनाथ भुर्तेलले जानकारी दिए।

# अर्काको खाताबाट नौ लाख रुपैयाँ निकाल्ने सात जना पक्राउ



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १६ असार

रौतहटको माछापुच्छ्रे बैंक चन्द्रनिगाहपुर शाखाको खाताबाट सेवाग्रहीको रकम झिकेको आरोपमा प्रहरीले सात जनालाई पक्राउ गरेको छ। बृन्दावन नगरपालिका-३ का रामेश्वर राय यादवको खाताबाट गत जेठ ५ गतेदेखि ७ गते सम्म नौ लाख रुपैयाँ हराएको थियो ।

यादवको माछापुच्छ्रे बैंकको शाखा कार्यालय वृन्दावनको खाता नं. ०७५००६५३८२८०००१४ मा रहेको रकम जेठ ५ गते, ६ गते र ७ गते दैनिक तीन लाखको दरले नौ लाख रुपैयाँ अन्य बैंकको खाता तथा खल्ती एप्स खाताबाट, एटिएमबाट अनधिकृतरुपमा ट्रान्सफर गरी ठगी गरेको रौतहट प्रहरीले जनाएको छ ।

वीरगन्ज महानगरपालिका- १६ नगवाका २१ वर्षीय राज नारायण चौरासिया, वडा नं १९ स्थित केहुनी विन्दाबासनीका २१ वर्षीय महम्द मुस्तुफा हवारी, दोलखा बैदेश्वर गाँउपालिका-५ सिमबारी टोलका २९ वर्षीय सुन्दर खड्का, काभ्रेपलान्चोक भुम्लु गाउँपालिका-९ पिङगोलाका १९ वर्षीय महेश थापा, उदयपुर रौउतामाई गाउँपालिका-२ भुट्टारका २० वर्षीय केवल रास्कोटी, सिरहा मिर्चैया नगरपालिका-८ भगवानपुरका १९ वर्षीय दिपे सदा र २३ वर्षीय श्रवण दास पक्राउ परेका छन् । उनीहरुले अन्य व्यक्तिको खातामा रकम सारेर आर्थिक अपचलन गरेको चन्द्रपुरका प्रहरी नायब उपरीक्षक (डिएसपी) एकनारायण कोइरालाले बताए । पक्राउ परेकाहरुलाई ठगीसम्बन्धी कसुरमा मुद्दा चलाइएको डिएसपी कोइरालाले बताए ।

विभिन्न व्यक्तिलाई आर्थिक प्रलोभन देखाई बैंकमा खाता खोल्न लगाई खातावालाको मोबाइलबाट अनलाइन बैंकिङको युजर नेम र पासवर्डसमेत लिएर खाताबाट रकम सारेको पाइएको हो ।

घटनामा ११ जना संलग्न रहेकोमा ७ जना पक्राउ परेको र ४ जना अझै फरार रहेको प्रहरीले जनाएको छ। प्रहरीले उनीहरुको साथबाट ६ थान मोबाइल, विभिन्न बैंकको एटीएम १५ थान, मोटरसाइकल १ थान र ६६ हजार नगद रकम बरामद गरेको छ ।

# डोल्पा पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा



**पुर्ण सार्की/मध्यान्ह**
डोल्पा, १६ असार

हिमाली जिल्ला डोल्पा पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा भएको छ। शनिबार जिल्ला सदरमुकाम दुनैमा देशको ७२औं जिल्लाको रुपमा डोल्पा पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा भएको हो ।

राष्ट्रिय लक्ष्यअनुरुप जिल्लाका आठ वटै स्थानीय तह पूर्ण खोप सुनिश्चित पालिका घोषणा भएसँगै जिल्ला पनि पूर्ण खोप सुनिश्चित घोषणा गरिएको स्वास्थ्य सेवा कार्यालय डोल्पाका प्रमुख डाक्टर रत्नबिर सुनारले जानकारी दिए ।

कार्यक्रममा कर्णाली प्रदेश स्वास्थ्य सेवा निर्देशनालयका प्रतिनिधि लक्ष्मीप्रसाद भट्टराईको उपस्थिति रहेको थियो । भट्टराईले पूर्ण खोप सुनिश्चितता घोषणाको प्रमाणपत्र जिल्ला समन्वय समितिका प्रमुख, जिल्ला पूर्ण खोप समन्वय समितिका संयोजक एवम् कार्यक्रमका सभाध्यक्ष श्यामबहादुर रोकायलाई हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी भुमिश्वचर पोखरेल, जिल्ला समन्वय समितिका उपप्रमुख तेजेन्द्र बुढा, स्थानीय तहका प्रतिनिधि, विभिन्न राजनीतिक दलका प्रतिनिधि, जिल्ला स्थित सञ्चारकर्मीलगायत अन्य व्यक्तिहरुको उपस्थिति थियो ।

# मौलापुरमा आमा र छोरी मृत अवस्थामा भेटिए, हत्याको आशंका

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, १६ असार

रौतहटको मौलापुर नगरपालिका वडा नं ४ पतौरामा २४ वर्षीया महिला र २ वर्षीया बालिका मृत अवस्थामा फेला परेका छन्। जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक वीर वबहादुर बुढामगरका अनुसार शुक्रबार राति २४ वर्षीया माला भन्ने कविता देवी साह र उनकी २ वर्षीया आरुही कुमारी घरमै मृत अवस्थामा फेला परेका हुन् ।

बालिका आरुहीको शव पंखामा झुन्डयाइएको अवस्थामा र कविताको शव घरबाट बाहिरिने भऱ्याङमुनि फेला परेको प्रहरी उपरीक्षक बुढामगरले बताए । हत्या या आत्म हत्या यकिन गर्न गाह्रो रहेको बताउँदै प्रहरी उपरीक्षक बुढामगरले अनुसन्धान भइरहेको बताए।

यता मृतक कविता साहका पति धिरेन्द्र साह र ससुरा नागेन्द्र साह सपरिवार घटनापछि फरार भएका छन्।



माधव नारायण नगरपालिका वडा नम्बर ५ मिठुअवा घर भएका मृतक कविताका पिता विजय शंकर साहले घटनाबारे आफूलाई स्थानीय लखिन्द्र साहले फोन गरेरे जानकारी दिएको र घटनास्थल पुगेपनि प्रहरीले जान नदिएको बताए । धेरैबेर रोई कराई गरेपछि बिहान सात बजेमात्र छोरी र नातिनीको शव हेर्न पाएको उनी बताउँछन् ।

छोरी र ज्वाइँबीच पटक-पटक विवाद हुँदा आफूले मिलेर बस्न दुवै जनालाई सम्झाई बुझाई गरेको बताउँदै कविताका पिताले ज्वाइँ धिरेन्द्रले कहिले नगद कहिले पलङ्ग, कहिले सुनको औंठी र सिक्री मागेको बताए । छोरीलाई पटक-पटक सोही निहुँमा कुटपिट र अपमानजनक व्यवहार हुँदै आएको बताउँदै उनले आफ्नी छोरीले आत्महत्या नगर्ने बताए। उनले ज्वाइँ र सम्धीसहितका व्यक्ति मिलेर आफ्नी छोरी र नातिनीको हत्या गरेको आरोप लगाए ।

# मगर संघ शाखा कतारको नयाँ नेतृत्व चयन

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १६ असार

नेपाल मगर संघ, शाखा कतारले १५औं राष्ट्रिय महाधिवेशन सम्पन्न गरेको छ। संघका अध्यक्ष विवेक पुलामी मगरको सभापतित्व तथा जनजाति महासंघ कतारका अध्यक्ष डिएन मगरको प्रमुख आतिथ्यतामा महाधिवेशन सम्पन्न भएको हो । महाधिवेशनबाट रेसम आले मगर (गोर्खा)को अध्यक्षतामा नयाँ कार्यसमिति निर्विरोध चयन भएको छ ।

समितिको प्रथम उपाध्यक्षमा देवी कुमारी मगर (मोरङ), द्वितिय उपाध्यक्षमा कुमार राहादी मगर (गुल्मी), महिला उपाध्यक्षमा भद्रमाया (बिना) मगर (सुनसरी), महासचिवमा समीर थापा मगर (तनहुँ), सचिवमा सोमबहादुर थापा मगर (तनहुँ), संगठन सचिवमा दीपक एक्चाई मगर (मोरङ), कोषाध्यक्षमा पाण्डप थापा मगर (धादिङ), सहकोषाध्यक्षमा भक्त ढेगा मगर (नवलपुर), कला तथा सांस्कृतिक विभाग संयोजकमा ओमबहादुर थापा मगर (तनहुँ), भाषा लिपी तथा साहित्य विभाग संयोजकमा तुषार पुन मगर (रोल्पा) चयन भएका छन् ।

त्यस्तै कार्यसमितिका सदस्यहरूमा



दुर्गा थापा मगर (रुपन्देही), सानु पिलामी मगर (मोरङ),महादेव थापा मगर (चितवन), लक्ष्मी (रबिना) मगर (सिन्धुली), चेत बा. बलमपाकी मगर (सिन्धुली), पवन थापा मगर (लमजुङ), विनोद राना मगर (सिन्धुली), दिलमाया राना मगर(तनहुँ), पूर्ण राना मगर (सल्यान), जितु मगर (मोरङ), पदम आले मगर (तनहुँ), मनु गाहा मगर (चितवन), धनप्रसाद राना मगर (तनहुँ) चयन भएका छन् । नवनिर्वाचित पदाधिकारीहरूलाई संघका सल्लाहकार सदस्य रमेश कनौजे मगरले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।

महाधिवेशनमा कतारमा स्थापित थुप्रै संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिको आतिथ्यता रहेको थियो । २३ वर्ष पहिले स्थापना भएको संघले वास्तवमै आफ्नो अस्तित्व तथा अधिकारका लागि अग्रणी स्थानमा रहेर कार्यसम्पादन गरेको वक्ताहरूको भनाइ थियो। शुभकामना राख्ने वक्ताहरूले कतारमा समेत मगर संघले हरेक क्रियाकलापमा अग्र स्थानमा रहँदै आफ्नो संस्कार संस्कृतिको रक्षार्थ विभिन्न गतिविधि निरन्तर सञ्चालन गरिरहेको भन्दै प्रशंसा गरेका थिए। संघमा आवद्ध विभिन्न कलाकारहरूले मौलिक भेसभुसामा सजिएर मौलिक गीतमा सांगीतिक प्रस्तुति दिएका थिए। महाधिवेशनमार्फत संघसँग सहकार्य गर्ने सहयोगी संघ संस्था, सामाजिक व्यक्तित्वहरू, कलाकारहरु र पत्रकारहरू सम्मानित भएका थिए ।

आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि मगरले समाजसेवा र एकता नै कतारमा स्थापित संघसंस्थाको मुख्य उद्देश्य रहेको बताए । समाजलाई सभ्यरूपमा चलायमान बनाउन स्टेजबाट भाषण गरेर मात्र नहुने भन्दै त्यसको शुरुवात आफैंबाट गर्नुपर्ने आवश्यकता औंल्याए ।

कार्यवाहक महासचिव समीर थापा मगरले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभापति मगरले २३ वर्षसम्म संस्था सञ्चालनका लागि विभिन्न क्षेत्रबाट सहयोग गर्ने सबैप्रति कृतज्ञता जाहेर गरेका थिए । उनले मगर संघ सामाजिकरूपमा सबैसँग सहकार्य गर्दै अगाडि बढेको र भविष्यमा पनि सहकार्य गर्ने बताए ।

भेलाको उद्घाटनसँगै कार्यक्रमका सभापति, प्रमुख अतिथि तथा २०२३-२४ का राजालाई फेटाद्वारा सम्मान गर्दै कार्यक्रमलाई अगाडि बढाइएको थियो । कार्यक्रमको बारेमा कार्यक्रम संयोजक मीन थापा मगरले जानकारी दिएका थिए ।

# भगवानपुर गाउँपालिकामा सरसफाइ अभियान

**रामएकवाल राम/मध्यान्ह**
सिरहा, १६ असार

सिरहाको भगवानपुर गाउँपालिकाले सरसफाइ अभियान शुभारम्भ गरेको छ । प्रजातान्त्रिक सेवा केन्द्र काठमाडौंको आयोजना तथा भगवानपुर गाउँपालिकाको सहयोगमा वडा नम्बर -१ स्थित श्री बाला सुन्दरी भगवती मन्दिरबाट सरसफाइ अभियान शुरु गरिएको हो ।

सरसफाइ अभियान पाँच वटै वाडामा गर्ने योजना रहेको पालिकाले जनाएको छ । सो अवसरमा पालिका अध्यक्ष उग्र नारायण



यादव, विभिन्न वाडका अध्यक्ष, राजनीतिकर्मी, पत्रकार, सुरक्षाकर्मीलगायत स्थानीयको सहभगिता रहेको थियो ।

**मनाइयो धान दिवस**

यस्तै भगवानपुर गाउँपालिकाले २० औं राष्ट्रिय धान दिवस मनाएको छ । भगवानपुर गाउँपलिकाले 'धान बाली उन्नत खेती प्रविधिको विकास, जलवायु अनुकूलित कृषकमैत्री प्रविधि धान उत्पादनमा वृद्धि' भन्ने मूल नाराका साथ धान दिवस मनाएको हो ।

शुक्रबार गाउँपालिकाको केन्द्र नजिकै रहेको खेतमा रोपाइँ गरी दिवस मनाइएको गाउँपालिकाले जनाएको छ। गाउँपालिकाको कृषि विकास शाखाले आयोजना गरेको कार्यक्रममा गाउँपालिकाका अध्यक्ष उग्र नारायण यादव, प्रमुख प्रशासकीय अधिकृत, पालिकाका कर्मचारी, सुरक्षाकर्मी र स्थानीयको उपस्थिति रहेको थियो ।

# भू तथा जलाधार व्यवस्थापन कार्यालयमा १० करोड बढी रकम रकमान्तर

**रौतहट/मस-** भू तथा जलाधार व्यवस्थापन कार्यालयमा १० करोडभन्दा बढी रकम रकमान्तर गरिएको छ । रकम भुक्तानी दिने हिसावले आर्थिक वर्ष सकिन एक साता मात्र बाँकी रहँदा यति धेरै रकम रकमान्तर गरिएको हो । यसअघि मधेश प्रदेश सरकारले वन तथा वातावरण मन्त्रालयको ५० करोडभन्दा बढी रकम रकमान्तर गरेको थियो। जसमध्ये यस कार्यालयमा मात्रै ४८ योजनाका लागि १० करोड ९० लाख रुपैयाँ रकमान्तर गरिएको हो ।

अर्थ मन्त्रालयबाट थप योजनाका लागि गत असार ७ गते पत्र प्राप्त भएको भू तथा जलाधार व्यवस्थापन कार्यालय रौतहटका प्रमुख प्रविनकुमार सिंहले जानकारी दिए । कार्यालयका अनुसार ४८ योजनामध्ये सर्लाहीमा ४६ र रौतहटमा जम्मा दुई वटा मात्रै योजना रहेको छ । यस कार्यालयको कार्यक्षेत्र रौतहट, पर्सा, बारा र सर्लाही जिल्ला रहेको छ । ४ जिल्लाका ३२ प्रदेश निर्वाचन क्षेत्रमा काम गर्छ ।

काम गर्नै नसकिने मध्य असारमा रकमान्तर गरिएको रकम खर्च हुनेमा शंका रहेको छ। कम समयमा बजेट दुरुपयोग गर्ने नियतले कार्यकर्ता र आफन्तबाट काम हुने सम्भावना बढेको सरोकारवालाको भनाइ छ । सर्लाही निर्वाचन क्षेत्र २ (ख) मधेश प्रदेशका अर्थमन्त्री सन्जयकुमार यादवको निर्वाचन क्षेत्र हो। अर्थमन्त्री यादवले आफ्नै निर्वाचन क्षेत्रका बरहथवा, बसबरिया, चक्रघट्टा र कविलासीमा मन्दिर, धर्मशाला, मस्जिद, महरानीजीको पर्खाल, ब्रह्मबाबाको पर्खाल, आश्रम निर्माण आदि शीर्षकमा बजेट रकमान्तर गरेको कार्यालयले जनाएको छ।

मधेश प्रदेश सरकार कार्य विभाजन नियमावली २०७९ विपरीत कार्यक्षेत्र नपर्ने शीर्षकमा समेत बजेट सम्बन्धित कार्यालयमा पठाइएको छ। कार्यालयमा बजेट आएको भए पनि काम समयभित्रै कसरी गर्ने भन्ने विषयमा छलफल नभएको सिंहले बताए । मधेशका अर्थमन्त्री यादवको निर्वाचन क्षेत्रमा मन्दिर र धर्मशाला निर्माणका लागि बजेट रकमान्तर गरिएको छ । मन्त्री यादवको दबाबका कारण अर्थ मन्त्रालयले रकमान्तर गरेको बजेटको विवरण भने गोप्य राखेको छ।

## हुम्ला डायरी

**ओबराज शाही/मध्यान्ह**

### हुम्लामा हरेक हप्ता सर्वदलीय बैठक
# विकास निर्माण प्रमुख एजेण्डा



असार महिनामा विकाशे योजनाको प्रवृद्धिका बारेमा गम्भीर हुँदै जिल्लाका राजनीतिक दलको सर्वदलिय बैठक सम्पन्न भएको छ ।

हिमाली जिल्ला हुम्लाका राजनीतिक दलका प्रमुखहरुले जिल्लाका विकाशको बाटोलाई कसरी राम्रोतर्फ लैजाने ?, समस्यालाई के गर्दा न्यूनीकरण गर्ने ?, हुम्लामा राजनीतिक, साँस्कृतिक र विकाशे सँस्कृतिकलाई कसरी निर्माण गर्ने ? भन्ने विषयबस्तु समावेश गरेर राजनीतिक दलको सर्वदलिय बैठक बसेको नेपाली कांग्रेस जिल्ला उपसभापति बसन्त रोकायाले बताए ।

त्यस्तै जिल्लामा क्रियाशिल रहेका राष्ट्रिय मान्यता प्राप्त दलहरुको नियमित रुपमा सर्वदलीय बैठक बस्ने र जिल्लामा देखिएका समस्याहरुलाई प्रमुख जिल्ला अधिकारीमार्फत सम्बन्धित निकायको ध्यानाकर्षण गराउने निर्णय भएको उनले बताए ।

हरेक हप्ताको शनिबार दलहरुको सर्वदलीय बैठक बस्ने र बैठकले कुनै न कुनै विषयको एजेण्डाका रुपमा बनाउने भएको छ । दलहरुले जिल्लामा राम्रो कामलाई बढवा दिन र नराम्रा कामलाई निरुत्साहित गर्ने निर्णय गरेका छन् ।

पहिलो बैठक एक हप्ता अगाडि नेपाली कांग्रेसको नेतृत्वमा बसेको थियो । शनिबारको बैठक नेकपा एमालेको नेतृत्वमा बसेको हो । दलहरुको यो प्रयासले जिल्लामा विकृति र विसंगति हट्ने विश्वास गरिएको छ । बैठकमा नेपाली कांग्रेसका प्रमुख प्रतिनिधि, नेकपा एमालेका प्रमुख प्रतिनिधि, नेकपा माओवादी केन्द्रका प्रमुख प्रतिनिधि, राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रमुख प्रतिनिधि लगायत अन्य पार्टीका प्रमुख प्रतिनिधिको उपस्थित रहेको थियो ।

# हुम्लाको एक घरमा आगलागी करिब २४ लाखको क्षति



हुम्लाको एक घरमा आगलागी हुँदा करिब २४ लाख बराबरको क्षति भएको छ। हुम्लाको सिमकोट गाउँपालिका वडा नं ८ लिगुडे खेतको गाउँस्थित एक कच्ची घरमा आगलागी भएको हो । जसबिर शाहीको तीन तले घरको घरको माथिल्लो तलामा विद्युतको तार सर्ट भएर आगलागी भएको जिल्ला प्रहरी कार्यलयका प्रहरी नायव उपरीक्षक भीमलाल भट्टराईले जानकारी दिए ।

आगलागी हुँदा लत्ताकपडा, अन्नपात, सुनचाँदी र काठ जलेर नष्ट हुँदा करिब २४ लाख मूल्य बराबरको क्षति भएको प्रहरीको भनाइ छ । आगलागीको खबर प्राप्त भएलगत्तै प्रहरी चौकी धारापोरीबाट गएको सात जना प्रहरीको टोली र स्थानीयको सहयोगमा आगो नियन्त्रणमा लिइएको थियो ।

आगलागीमा मानवीय क्षति भने नभएको स्थानीय हस्त शाहीले मध्यान्हलाई जानकारी दिए। घरमा आगलागी भएपछि शाही परिवारको बिचल्ली भएको उनले बताए ।

JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?

यहाँ JAPAN र KOREA मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ ।

Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
सम्पर्क: 01-4958923 / 01-4952044
मो: 9741818340 ( WhatsApp/Viber )



सम्पादकीय

## संघीयता कमजोर पार्ने खेल

शुक्रबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मुख्यमन्त्रीहरूले संघीयता बलियो बनाउनेगरी राखेको मागप्रति गम्भीर छलफल गर्ने बताएका छन् । राजनीतिक र प्रशासनिक तहमा पनि संघीयता बलियो बनाउनेबारे गम्भीर छलफल गर्ने प्रधानमन्त्री प्रचण्डको भनाइ थियो । प्रधानमन्त्री प्रचण्डले यस्तो बाचा जनाउनु अगाडि गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज आचार्यले केही संशय राखेका थिए । यसअघि १० जेठमा पोखरामै बोलाइएको मुख्यमन्त्रीहरूको भेला रोकेकोमा प्रधानमन्त्री संघीयताप्रति प्रतिबद्ध नरहेको भनेर प्रचार भएको मुख्यमन्त्री आचार्यले बताएका थिए । तर त्यस्तो अवस्था नरहेको भनेर मुख्यमन्त्री आचार्यले भनेपनि मुख्यमन्त्रीहरूको भेला रोकिएकोबारे चित्तबुझ्दो जवाफ प्रधानमन्त्री प्रचण्डसँग थिएन । यद्यपि प्रधानमन्त्री प्रचण्डले संघीयताप्रति कुनै आशंका नगर्न आग्रह गरे । पोखरामा मुख्यमन्त्रीहरूको दोस्रोपटक भेला भएको हो । यसअघि २०७५ मा सातै प्रदेशका मुख्यमन्त्रीहरूको भेला भएको थियो ।

त्यो भेलामा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई बोलाइएको थियो । तर ओली त्यो भेलामा गएनन् । यसपछि काठमाडौंमा मुख्यमन्त्रीहरू बोलाएर ओलीले छलफल गरे । त्यसपछि कार्यकालभर अर्को भेला भएन । बरू प्रदेशहरूको नेतृत्व परिवर्तनले संसदीय अभ्यास नै बिकृत बन्न पुग्यो । एउटै कार्यकालमा सात प्रदेशगरी २२ जना मुख्यमन्त्री बने । २०७९ को चुनावबाट पनि प्रदेश नेतृत्व स्थीर बन्न सकेन । कोशी, मधेश, बागमती र कर्णाली बाहेकका प्रदेशमा छोटो अवधिमै दोस्रो मुख्यमन्त्री बनिसकेका छन् । कोशी प्रदेशको नेतृत्व परिवर्तनको प्रयत्न भइरहेको छ । त्यसैकारण शुक्रबार पोखरामा भएको मुख्यमन्त्रीहरूको भेलामा कोशीका मुख्यमन्त्री हिक्मत कार्की अनुपस्थित थिए । त्यसैदिन कार्कीले विश्वासको मत पाउन सकेका थिएनन् ।

प्रधानमन्त्री प्रचण्डसँग सामुहिक तस्वीर लिने मुख्यमन्त्रीहरूको संख्या ६ जना मात्रै हुनुको कारण कोशीमा सरकार परिवर्तनको खेल थियो । पोखरामा संघीयता बलियो बनाउने प्रतिबद्धता गरिरहेका प्रधानमन्त्री प्रचण्डकै कारणले कोशीमा सरकार फेर्ने संकट चलिरहेको छ । गत १० पुसमा एमालेसँग मिलेर प्रधानमन्त्री बनेका प्रचण्डले गठबन्धन फेरेकाले सातै प्रदेश सरकारको समीकरण बदलिने अवस्था बन्यो । अरू प्रदेशमा सरकार बदलिएपनि कोशीमा नयाँ सरकार बनाउन संसदीय समीकरणले साथ दिइरहेको छैन । तर प्रधानमन्त्री प्रचण्ड त्यहाँ जसरी पनि सरकार फेर्ने अडानमा छन् । जसले संघीयताप्रति गम्भीर प्रश्न मात्रै उठेको छैन, प्रदेशसभा मध्यावधिमा जाने जोखिममा छ । अर्थात् पोखरामा प्रतिबद्धता जनाइरहेका प्रचण्ड आफै पनि संघीयता कमजोर बनाउने खेलमा छन्, जुन मुलुक र संविधानका निम्ति उचित दृष्य होइन ।

# संकट उन्मुख अर्थतन्त्र

अग्रलेख



● डा. दिबाकर वशिष्ठ

देशमा आर्थिक स्रोत संकुचन बढ्दै जाँदा विकासमा गम्भीर असर परेको देखिन्छ । एकातर्फ साधारण खर्च बढिरहेको छ भने अर्कोतर्फ पुँजीगत खर्च दिन प्रतिदिन घट्दै जानुले देश आर्थिक संकट उन्मुख छ भन्ने संकेत गर्दछ । आर्थिक वर्ष २०८०/०८१ को लागि ल्याइएको १७ खर्ब ५१ अर्बको बजेटमा पुँजीगत खर्च कुल बजेटको १७ प्रतिशत र बाँकी ८३ प्रतिशत साधारण खर्चलगायत अन्य खर्च छ, जसमा सार्वजनिक ऋणको सावाँ व्याज भुक्तानी र बजेट परिचालनलगायत खर्चसमेत पर्दछ । आन्तरिक र बाह्य गरी देशको सार्वजनिक ऋणको भार बजेटभन्दा बढी २१ खर्ब नाघिसकेको छ । आगामी वर्षसम्म यो २७ खर्ब बढी हुने देखिन्छ । किनकी सरकारसँग कर्मचारीलाई तलब र पेन्सन दिने खर्च जुटाउनसमेत आन्तरिक ऋण लिनुपर्ने अवस्था देखिएको छ । यसरी हेर्दा, समृद्धिको नारा ओझेलमा परेको सहजै अनुमान गर्न सकिन्छ । वित्तीय अनुशासन, संस्थागत सुशासन, साधारण खर्चमा भारी कटौती, दलीय स्वार्थको अन्त्य, न्यायोचित बजेट वितरणको व्यवस्था, दलगत नियुक्ति र अनावश्यक पद सिर्जनाको अन्त्य, भ्रष्टाचारमा शून्य सहनशिलताको व्यवस्थालगायतले मात्र देशको आर्थिक विकास सृदृढ गर्न सकिन्छ, अन्यथा समृद्धिको नारा 'आकाशको फल आँखा तरी मर' सिवाय अरु केही हुने छैन ।

वैदेशिक सहयोगमा ह्रास भएको, छिमेकीसँगको सम्बन्ध अपेक्षित सुदृढ हुन नसकेको, उद्योगको उत्पादन क्षमता क्रमशः घट्दै गएको, परनिर्भरता बढ्दै गएको, पर्याप्त तरलताको बाबजुद कर्जा लगानीमा बढ्न नसकेको, पुँजी बजार शिथिल बन्दै गएको, बेरोजगारी बढिरहेको, शैक्षिक संस्थाहरु विद्यार्थी अभावमा चल्न नसकी धरासायी हुँदै जान थालेको अवस्था देखिएको छ । साथै, वैदेशिक रोजगार र शिक्षाको लागि दैनिक हजारौंको संख्यामा विदेश पलायन हुँदै गएको, विप्रेषणमा उत्साहप्रद प्रगति नभएको, मुद्रा बिनिमय व्यवस्थापन सन्तोषजनक नरहेको, सोधनान्तर स्थिति केही सहज भएता पनि यसमा स्थायित्व नदेखिएको, कृषि उत्पादन घटिरहेको, कुल ग्राहस्थ उत्पादन र प्रतिव्यक्ति आय कमजोर रहेको, पर्यटन व्यवसाय सुरक्षित र भरपर्दो नरहेकोलगायत घटनाले मुलुकको अर्थतन्त्र मन्दीतर्फ उन्मुख हुँदै गएको देखाउँछ । स्मरण रहोस्, १५औं योजनाको अन्त्य र १६औं योजना निर्माणको थालनी हुने सुनिन्छ तर, १५ योजनाले यसको अन्त्यसम्म आइपुग्दा पनि आफ्नो लक्ष्य पूरा गर्न सफल हुन सकेको अवस्था छैन ।

१५औं योजनाको लक्ष्य हेर्दा, आर्थिक वृद्धि १०.३ प्रतिशत हुने भनेकोमा यथार्थमा छ प्रतिशत रहेको, प्रतिव्यक्ति आय १५९५ युएस डलरको लक्ष्य रहेकोमा यथार्थमा हाल १५७२ रहेको । निरपेक्ष गरिबी ९.५ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा ११.२ प्रतिशत रहेको । सरदर आयु ७२ वर्ष पुराउने लक्ष्य रहेकोमा ७१ वर्ष रहेको, साक्षरता प्रतिशत ९९ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ६२.८ प्रतिशत मात्र साक्षर रहेको लगायत हेर्दा १५औं योजनाको लक्ष्य पूरा हुन सकेको देखिन्न । आर्थिक वृद्धि, गरिबी घटाउने लक्ष्य, अल्पविकसित मुलुकबाट सन् २०२६ भित्र विकासोन्मुख मुलुक बन्ने लक्ष्य अधुरो रहेबाट समृद्धिको नारा ओझेलमा परेको स्पष्ट देखिन्छ । हुन त रुस युक्रेन युद्ध र कोभिड १९ को समस्याले विश्वलाई नै आक्रान्त पारेको तथ्य भने यथार्थ हो तर पनि सधैं यसलाई नै आधार बनाएर देशको अर्थव्यवस्था कमजोर बनेको हो भन्ने नारा कहिलेसम्म दिने ? गम्भीर प्रश्न खडा भएको छ । स्मरणरहोस्, इन्टरनेटको पहुँचमा भने मुलुकले आफ्नो लक्ष्यमा फड्को मारेको छ ।

देशमा आर्थिक विकास र समृद्धिमा सुधार गर्नको लागि आर्थिक अनुशासन, सुशासन र भ्रष्टाचारमुक्त शासन व्यवस्था नै मुल आधार हो, यसमा सुधार हुन जरुरी छ । भाषण र सस्तो लोकप्रिय नाराले देश विकास हुँदैन । देशमा कोर बैकिङ्ग प्रणालीको विकास, राष्ट्रिय गौरवका आयोजनाहरु समयमा सम्पन्न गर्ने, पर्यटनको क्षेत्रमा खर्च बढाई यसको विकास गर्ने, वैदेशिक व्यापारमा निर्यातको हिस्सा बढाउने, मुलुकका सबै क्षेत्रमा सडक, खानेपानी, शिक्षा, स्वास्थ्य र विद्युतको पहुँच पुऱ्याउने, साक्षरता र प्रतिव्यक्ति आय बढाउने गतिविधि सञ्चालन गर्ने, कृषिको आधुनिकिकरणमा जोड दिने, उद्योगको संरक्षण र विकास गर्ने, स्वदेशी उत्पादनलाई प्राथमिकतामा राख्ने नीति लिनुपर्छ । यस्तै, गरिबी घटाउने, बैकिङ्ग क्षेत्रलाई सुदृढ बनाउने, नीजि क्षेत्रसँगको सहकार्यलाई उच्च प्राथमिकतामा राख्नेलगायतका कार्यले मात्र आर्थिक संकटबाट मुक्ति पाउन सकिन्छ र देश समृद्धितर्फ अगाडि बढ्न सक्छ भन्नुमा कसैको दुई मत नहोला ।




*खर्चिलो संघीयताको कारण सरकारको राजस्व बढ्न सकेको छैन । मुलुकले साधारण खर्च धान्न पनि धौधौ परेको कारण आन्तरिक ऋण उठाउन सरकार बाध्य हुनु परेको अवस्था छ । विश्व बैंकले नेपालको आर्थिक वृद्धिको प्रक्षेपण ४.१ प्रतिशतले हुने भनेको छ भने नेपाल सरकारको निकाय राष्ट्रिय तथ्यांक विभागले २.१६ प्रतिशत प्रक्षेपण गरेको छ । यसबाट पनि नेपालको आर्थिक अवस्था निराशाजनक देखिन्छ ।*

हालको बजेटले राखेको छ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्नको लागि खुकुलो मौद्रिक नीतिको विकल्प छैन । तसर्थ, पुँजी बजारमा लगानीकर्तालाई उत्साहित बनाउने योजना बनाउने, वैदेशिक सहयोगको सही व्यवस्थापन गर्ने, विकासको लागि लिइएका नीतिहरुको सही कार्यान्वयन भयो कि भएन भनेर अनुगमनलाई बढाउने, मुद्रास्फितिलाई सन्तुलनमा राख्न उचित कदम चाल्ने हो भने सुधारको संकेत देखिन सक्छ ।

खर्चिलो संघीयताको कारण सरकारको राजस्व बढ्न सकेको छैन । मुलुकले साधारण खर्च धान्न पनि धौधौ परेको कारण आन्तरिक ऋण उठाउन सरकार बाध्य हुनु परेको अवस्था छ । बैंक निक्षेप गएको वैशाख मसान्तमा ११.४ प्रतिशतले बढेको र हाल पनि निक्षेप बढ्ने क्रम जारी रहेको तर, अपेक्षितरूपमा कर्जा लगानी नहुँदा आर्थिक गतिविधि चलायमान हुन नसकेको र निक्षेपमा मुद्दति निक्षेपको भार बढी भएको हुँदा बैकिङ्ग क्षेत्रको सञ्चालन खर्चमा वृद्धि आई आगामी वर्ष नाफा खुम्चिने कुरामा कसैको दुई मत नहोला । लगानी भएको कर्जा पनि उत्पादनमा भन्दा उपभोगमा बढी प्रवाह भएको हुँदा अर्थतन्त्रमा कर्जा लगानीको अपेक्षित प्रभाव पर्न सकेको देखिँदैन । ऋणीहरुको व्यवसायीक मन्दीले आम्दानीमा आएको कमीले कर्जा अशुलीसमेत अपेक्षित देखिँदैन, फलस्वरुप भाखा नाघेको कर्जामा मात्रा दिन प्रतिदिन बढिरहेको छ भने कालो सूचीमा पर्ने ग्राहकको संख्या पनि दिन प्रतिदिन बढ्नुले देशको वित्तीय स्थिति निराशाजनक हुनसक्ने कुरामा कसैको बिमति नरहला ।

देशलाई आर्थिक संकटबाट मुक्त गर्न वित्तीय साक्षरतामा, वित्तीय समावेशिता र पहुँचमा जोड दिने, कोर बैंकिङ्गलाई सुदृढ र जोखिमरहित बनाउने, नियामकीय र सुपरिवेक्षकीय सुधारमा जोड दिने, सुशासनमा सुधार गर्ने, पर्यटन, कृषि, आईटी, हाइड्रोपावरका क्षेत्रमा लगानी बढाउने, उद्योग र वाणिज्य क्षेत्रको समुचित विकास गर्ने, निर्यातमुलक उद्योगको स्थापनामा जोड दिने, उपभोगमा भन्दा उत्पादनमुलक क्षेत्रमा कर्जा लगानी बढाउने, बजेटमा कृषि, शिक्षा, स्वास्थ्य, सामाजिक र पुर्वाधारलाई प्राथमिकता दिने, आर्थिक वृद्धिलाई बढाउने कार्यक्रम ल्याउनु पर्ने देखिन्छ । स्मरणरहोस्, विश्व बैंकले नेपालको आर्थिक वृद्धिको प्रक्षेपण ४.१ प्रतिशतले हुने भनेको छ भने नेपाल सरकारको निकाय राष्ट्रिय तथ्यांक विभागले २.१६ प्रतिशत प्रक्षेपण गरेको छ । यसबाट पनि नेपालको आर्थिक अवस्था निराशाजनक देखिन्छ ।

यदि आर्थिक क्षेत्रलाई सही पथमा ल्याउने हो भने, स्वदेशमा नै रोजगारीको व्यवस्था गर्नुपर्ने, विप्रेषण थप बढाउने रणनीति तयार गर्ने, बजार अनुगमनलाई तिव्रता दिई महँगीबाट सर्वसाधारणलाई बचाउने, वैदेशिक लगानीलाई बढाउने, संस्थागत सुशासन कायम गर्ने र भ्रष्टाचारमा शून्य सहनशीलताको नीति लिने, विद्यूत निर्यातमा जोड दिने, गौरवका आयोजनाहरुलाई तिव्रता दिने, पुँजीगत खर्चलाई बढाउने, वैदेशिक लगानीमा हाल आएको कमीमा सुधार गर्ने, बजेट खर्च गर्दा आर्थिक अनुशासन र मितव्ययीतामा ध्यान दिन सकेको खण्डमा केही हदसम्म आर्थिक संकटबाट पार पाउन सकिने देखिन्छ । सेवा प्रवाहमा सुधार गर्ने, स्रोत र साधनको उच्चतम परिचालन गर्ने, गुणस्तरीय शिक्षा, खानेपानी आदिमा जोड दिन सकेको खण्डमा आर्थिक सुधार सम्भव छ । भूमीको उपयोग र कृषि उत्पादनमा जोड, विदेशी ऋणको भारमा कमी ल्याउने, बजेटप्रतिको विश्वासनियता बढाउने, राजस्व छलीमा नियन्त्रण र राजस्व अशुलीलाई प्रभावकारी बनाउने, आयातमा आधारित राजस्वभन्दा आन्तरिक राजश्वको परिचालनलाई सुदृढ गराउने, नीजि क्षेत्रसँगको सहकार्य विस्तार गर्दै औद्योगिक क्षेत्रलाई समय सापेक्षरूपमा सुधार गर्न सकेको खण्डमा आर्थिक संकटबाट मुक्त भई समृद्धिको मार्ग तय गर्न सकिन्छ भन्नुमा अत्युक्ति नहोला ।

*(लेखक बैंक तथा वित्तीय संस्थाका विज्ञ हुन् ।)*

**सन्दर्भ : नेपाल वैदेशिक रोजगार व्यवसायी संघको स्थापना दिवस**

# वैदेशिक रोजगारी र संघको भूमिका

*पेशागत वा व्यावसायिक संगठनले समग्र व्यवसाय र व्यवसायीको पेशागत हकहितलाई सर्वोपरी राख्नै पर्दछ । तर विगतदेखि हालसम्मको अवस्था हेर्ने हो भने वैदेशिक रोजगार संघ आफ्नै क्षेत्रलाई सुरक्षित बनाउन चुकेको देखिन्छ । व्यवसायीलाई निकै अप्ठ्यारो पार्ने गरी निर्णय हुँदा पनि संघ लाचार छ । आगामी समय देखिएका समस्या समाधान हुनुको विकल्प छैन ।*

विचार



● देवराज कटुवाल

निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य भई २०४६मा आएको बहुदलीय व्यवस्थाले कुनै पेशा, रोजगार उद्योग र व्यापार गर्ने स्वतन्त्रतासँगै संघ र संस्था खोल्ने स्वतन्त्रतालाई मौलिक हकको रूपमा व्यवस्था गरेपश्चात राजनैतिक, पेशागत र व्यवसायीक संघ खोल्ने होड नै चल्यो । २०४२ सालमा वैदेशिक रोजगार ऐन बने पनि २०४७ सम्म आइपुग्दा इजाजतपत्र लिनेको संख्या १० वटा मात्रै थिए । यसैक्रममा वैदेशिक रोजगार व्यवसायीहरुले पनि पेशा र व्यवसायिक हक हितका लागि संस्था दर्ता गर्ने सोचका साथ कानुनी प्रक्रिया पूरा गरी सात वटा इजाजतपत्रवाला संस्थाबाट २०४९ असार १६मा नेपाल वैदेशिक रोजगार व्यवसायी संघ नामक संस्था विधिवत दर्ता र कानुनी प्रक्रियामा लेखक पनि प्रत्यक्ष संलग्न भई प्रमाणपत्र प्राप्त गरेको आज ३१ वर्ष पूरा गरेको अवस्था छ । तत् समयमा संघको विधानमा लेखिएका हरेक शब्द आज पनि सम्मान र गौरव गर्न लायक छन् ।

पञ्चायतकालमा कानुनी मान्यता पाएको यो व्यवसायले बहुदलमा संस्था स्थापनापश्चात लोकतन्त्र हुँदै गणतन्त्रसम्म आइपुग्दा इजाजतपत्र लिनेको संख्या र जाने कामदारको संख्या वृद्धिमा कमि आएको छैन । संस्थापकदेखि हालसम्मका नेतृत्व चयनमा पुग्दा पटक-पटक टुट, फुट र गुटबाट गुज्रिने क्रममा आएका विवाद कयौं पटक अदातलसम्म पुगी फैसला भएका छन् । करिब एक वर्ष अघि जिल्ला प्रशासन कार्यालयले हस्तक्षेप गरी तदर्थ समिति गठनको निर्णय गरेको तथ्य ताजै रहेको छ । संस्थापकमध्येका अध्यक्ष श्री महेन्द्र शेरचनलगायत केही व्यवसायीहरुको असामयिक निधन भइसकेको छ । प्रजातान्त्रिक बिचारधारा राख्ने व्यवसायीले सर्वप्रथम समान उद्देश्यको छुट्टै संस्था खोलेपश्चात प्रगतिशिल र गणतान्त्रिक हुँदै दल र आस्थागत, जातिय, भेगिय एवम् धार्मिक आस्थाका आधारमा आज लगभग २०औं संस्था क्रियासिल छन् । निर्वाचनको क्रममा सुरुमा दलगत र त्यसपछि जातिय, भेगीय आधारमा नेतृत्व छनौट गर्ने परिपाटी वन्दै आएको देखिन्छ ।

आर्थिकरूपमा करोडौंसम्म धरौटी राख्ने, करौडौं राजश्व तिर्ने, लाखौं व्यक्तिलाई रोजगार दिने, समग्र देशकै आर्थिक मेरुदण्डको रूपमा स्थापित वैदेशिक रोजगार व्यवसायीहरुको आफ्नो ३१औं वार्षिकोत्सव आज पनि भाडाकै कोठाबाट कार्यक्रम गरिरहँदा आफैलाई गिज्याएको हो की भन्ने भान पर्दछ । तर, यो यथार्थ हो । समान उद्देश्य र कानुनी हैसियत राख्ने २०औं संस्थाहरुले संघलाई छाता संगठन मान्ने तर, महासंघमा नजाने र झनै गुट, उपगुटमा परिणत भएको संघको भवन त छैन नै व्यवसायीलाई स्वतन्त्र र निर्धक्क व्यवसाय गर्न पाउने अवस्था हालसम्म पनि बन्न नसक्नु पछाडिको विभिन्न तथ्यमध्ये यो प्रमुख कारण हो ।

संघ र त्यसमा आफ्नो अपनत्व राख्नु हरेक सदस्यको कर्तव्य र दायित्व हो । पेशागत वा व्यवसायिक संगठनले समग्र व्यवसाय र व्यवसायीको पेशागत हकहितलाई सर्वोपरी राख्नै पर्दछ । तर विगतका इतिहासदेखि हालसम्मको अवस्था हेर्ने हो भने सरकारले गरेका विवादितदेखि व्यवसायको घाँटी थिच्नेसम्मका निर्णयहरु उल्टाउन नसक्नु, व्यवसायीबिचको सार्थक एकता नहुनुका साथै, आचार संहिता कडाईका साथ पालना नहुनु, कुनै न कुनै तवरबाट संघको सिफारिस वा कानुनी दायित्वबाट व्यवसायीलाई संघप्रति उत्तरदायी नबनाउनको कारण बाध्यताबस व्यवसायीहरु निर्वाचनमा भोट हाल्नमात्र सदस्य, प्रतिनिधि हुने वा एकैपटक नविकरण गर्ने पुरानो प्रथा कायम रहेको र कतिपय साधारण सभाहरु उपस्थितिमा मात्र सिमित रहन पुगेको देखिन्छ ।

सरकार आफैं व्यवसायी झैं कामदार पठाउने कार्यमा संलग्न हुनु, संवैधानिक र कानुनीरूपमै विवादास्पद हो । दक्षिण एशियामा नै नभएको फ्रि टिकट र फ्रि भिषा अर्थात् शून्य लागत नामको बिना अध्ययन एकतर्फीरूपमा लादिएको व्यवस्था इजाजतपत्र लिइसकेपछि देश वा लिङ्ग विशेषका नाममा छुट्टै धरौटी राख्नुपर्ने विषय, अस्वभाविकरूपमा बढाइएको धरौटी र सेयर एवम् र स्वामित्व हस्तान्तरणमा रोक, १०० संख्या नामक बाध्यकारी कानुनी प्रावधान तथा सेवा शूल्क परिमार्जन नगर्नेलगायतका असमान व्यवस्था भोगिरहेको छ । आफैले राखेको धरौटीबाट प्राप्त व्याज व्यवसायी हितमा लगाउन अनावश्यक ढिलाई गर्ने सरकारी रवैयाका विरुद्धमा सम्पूर्ण व्यवसायी एक भई ठूलै धक्का नदिई केवल कार्य समितिको एकलव्य कार्यले मात्र समाधान हुन त्यति सजिलो देखिएको छैन । यी विषयमा पनि व्यवसायीको बृहत एकता मनै भित्रबाट नआई समाधान सम्भव छैन ।

वैदेशिक रोजगार आवश्यकता नभई बाध्यता हो भनी रटान दिने सरकार व्यवसायीका समस्या सहजीकरण गर्न आलटालका साथ पन्छिने समस्या हिजोको निरन्तरता रहेकोमा विवाद छैन । संघ वा सामूहिकतामा भन्दा व्यक्तिगत सेटलमेन्टमा नै अभ्यस्त हुने व्यवसायीलाई अब नयाँ उर्जा र उत्साहका साथ २१औं शताब्दीको वैदेशिक रोजगार व्यवसाय र व्यवसायीको हक हितका लागि सबैलाई एकताबद्ध र अझ गोलबन्द गर्दै देखिएका समस्या र चुनौतीलाई दृढतापुर्वक सामनाका साथ आम स्वतन्त्र र निर्वाधरूपमा व्यवसाय गर्न पाउने कानुनी र व्यवहारिक वातावरण सिर्जना गरी व्यवसायीको उच्च मनोबल बनाउन सरकार, नागरिक समाज, सञ्चार जगत, रोजगारदातामुलक र सरकारसमेतको सहकार्य अपरिहार्य रहेको छ ।

संघ स्थापनाको ३१औं वर्षको यस अवसरमा संघ स्थापना कालदेखि हालसम्म विभिन्न कोणबाट संघलाई यहाँसम्म ल्याई पुऱ्याउनेहरुको सपनालाई सार्थक बनाउन वर्तमान कार्य समिति कामयाव रहोस् । देश विदेशमा रहेका प्रत्येक नेपालीले वैदेशिक रोजगारलाई अझ सम्मानित दृष्टिकोणबाट हेरिने वातावरण बनोस् । व्यवसायभित्रका विकृती विसंगतिलाई आफैले सफा गर्दै संघप्रति अपनत्व र विश्वसनियताको अभिबृद्धिका लागि सक्षम रहोस् । पंक्तिकारले सम्पूर्ण व्यवसायीलाई यस अवसरमा शुभेच्छा र शुभकामना साटासाट गर्नु साझा कर्तव्य सम्झेको छ । समस्यासँगै समाधान आउँछ, कर्म गर्नेले नै जस अपजस पाउँछ । तर विगतका पाठ सम्झी गल्ती दोहोऱ्याई रहने हो भने न व्यवसाय न व्यवसायी अनि केका लागि संघ भन्ने दिन नआउला भन्न सकिन्न ।

*(लेखक कटुवाल अधिवक्ता हुन् ।)*

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष | शिक्षासम्बन्धी कार्यमा रुकावट आउनेछ । अनावश्यक खर्चको योग छ । |
| वृष | स्वास्थ्य लाभ तथा पराक्रममा वृद्धिको योग छ । |
| मिथुन | अनावश्यक जिम्मेवारी लिनु हुँदैन । व्यापारिक कार्यहरुमा राम्रो लाभ हुनेछ । |
| कर्कट | पराक्रममा वृद्धि हुनेछ । जीवनसाथीको राम्रो सहयोग पाइनेछ । |
| सिंह | अर्कामाथि भरोसा नगर्नु होला । विवादबाट जोगिनु होला । |
| कन्या | पैतृक सम्पत्ति प्राप्तिको योग छ । शैक्षिक प्रगति हुनेछ । |
| तुला | महत्वपूर्ण भेटघाट हुने योग छ । कार्यहरुमा सावधानी अपनाउनु होला । |
| वृश्चिक | विरोधी सक्रिय रहनेछन् । तनाव बढ्नेछ । |
| धनु | कृषिजन्य कार्यमा लाभ प्राप्त हुनेछ । मुद्दा मामिलामा सफलता मिल्नेछ । |
| मकर | राजनैतिक सहयोग प्राप्त हुनेछ । अनावश्यक खर्चको योग छ । |
| कुम्भ | सामाजिक कार्यमा वृद्धि हुनेछ । लगानी बढ्दै जानेछ । |
| मीन | नाता-गोतासित भेटघाट हुने योग छ । पारिवारिक जीवन सुखी रहनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

# बसमा आगलागी हुँदा २५ जनाको मृत्यु

**काठमाडौं/एजेन्सी–** भारतको दक्षिणपश्चिमी राज्य महाराष्ट्रमा शनिबार यात्रु बसमा आगलागी हुँदा कम्तीमा २५ जनाको मृत्यु हुनाको साथै अन्य केही व्यक्ति घाइते भएका छन् । सो दुर्घटना नागपुर शहर नजिक समृद्धि महामार्ग एक्सप्रेसवेमा भएको हो । यवतमालबाट पुणे जाँदै गरेको उक्त बसमा ३३ जना यात्रु सवार रहेको बुझिएको छ ।

बसको टायर फुटेर चालकको नियन्त्रण बाहिर गएको बताइएको छ । अनियन्त्रित बस एउटा खम्बामा ठोकिएको थियो । ठक्करका कारण बसको डिजेल ट्यांकी विस्फोट भएपछि बसमा आगो लागेको थियो । आगलागीका कारण अधिकांशको जलेर मृत्यु भएको छ । दुर्घटनामा बाँचेका केही यात्रु सिसा फोरेर बाहिर निस्कन सफल भएको प्रहरी अधिकारीले बताएका छन् ।



दुर्घटनाको जानकारी प्राप्त हुनासाथ प्रहरी कार्यालयका अधिकारी घटनास्थलमा पुगेका थिए । दमकलले गाडीले आगो निभाउँदासम्म जलन र चोटका कारण केहीको घटनास्थलमै मृत्यु भएको विवरण आएका छन् । दुर्घटनामा बाँचेका यात्रुहरूबाट प्रहरीले घटनाबारे जानकारी लिएको थियो ।

'म ओर्लने ठाउँ आउन एक घण्टा जति बाँकी थियो। ओर्लने तयारी गर्दागर्दै बस पल्टियो अनि मेरो साथी र म लड्यौं,' उनले भने, 'हामी अगाडिको यात्रु सिसा फुटाएर निस्कँदै गरेको देख्यौं र हामी पनि उनको पछि लाग्यौं । हामी बसबाट हाम फाल्न सफल भयौं ।' उनका अनुसार पल्टिने बित्तिकै बसमा आगो लागेको थियो र आगो बिस्तारै बढ्दै गयो । उनले भने, 'हामीले यात्रुहरूको चिच्याहट सुन्यौं, तर हामीले केही गर्न सकेनौं ।'

बुलढाना बस दुर्घटनाबारे बसका मालिक वीरेन्द्र दर्नाले टायर फुटेका कारण बस डिभाइडरमा ठोक्किएर आगो लागेको बताएका छन् । समाचार एजेन्सी एएनआईसँगको कुराकानीमा उनले बस पूर्णतया नयाँ भएको र यसका कागजपत्रहरू पनि व्यवस्थित रहेको दाबी गरे । उनका अनुसार बस चालक अनुभवी थिए । टायर फुटेका कारण बस डिभाइडरमा चढेको र त्यसपछि अत्यधिक प्रज्वलनशील पदार्थमा आगो लागेको चालकले बताएका छन् ।

# सुरक्षा कारबाहीमा छ जना आतंकवादी मारिए



**काठमाडौं/एजेन्सी–** पाकिस्तानको सुरक्षा फौजले उत्तरी वजिरिस्तान र ट्यांक शहरमा आतंकवादीविरुद्ध गरेको सुरक्षा कारबाहीमा छ जना मारिएका सेनाको अन्तर सेवा सूचना निकाय आईएसपीआरलाई उद्धृत गर्दै एआरवाई न्यूजले जनाएको छ ।

उत्तरी वजिरिस्तान जिल्लाको रजमाक क्षेत्रमा भएको दोहोरो भिडन्तमा तीन जना आतंकवादी मारिएका तथा ट्यांक शहरमा शहरमा भएको झडपमा तीन जना मारिएका छन् । सेनाले दुवै स्थानमा शुक्रबार सुरक्षा कारबाही गरेको हो । सुरक्षा बलले झडप भएका दुवै स्थानबाट विभिन्न हातहतियार र गोला बारुद बरामद गरेको छ ।

सुरक्षा बल र निर्दोष नागरिकको हत्याका साथै आतंककारी गतिविधिमा संलग्न सक्रिय समूहलाई निष्क्रिय तुल्याउन सुरक्षा फौ क्रियाशील रहेको जनाइएको छ ।

आईएसपीआरले जारी गरेको विज्ञप्तिअनुसार बुधवार बाजौर र खैबरका आदिवासी जिल्लामा गरिएको त्यस्तै प्रकृतिको कारबाहीमा चार जना आतंकवादी मारिएका छन् । बाजौर जिल्लाको इनायत कल्ली क्षेत्रमा शफिउल्लाह नामक आतंकवादी रहेको आशंकामा सुरक्षा कारबाही सञ्चालन गरिएको थियो ।

# फ्रान्समा चर्कँदै प्रदर्शन

**काठमाडौं/एजेन्सी–** रात्रिकालीन दङ्गा नियन्त्रण गर्न फ्रान्समा ४५ हजार प्रहरी तैनाथ गरिएको छ । फ्रान्सका आन्तरिक मन्त्री गेराल्ड डार्मानिनले कुनै पनि किसिमका सम्भावित रात्रिकालीन दङ्गा नियन्त्रण गर्न ४५ हजार प्रहरी अधिकारीहरू तैनाथ गरिएको बताएका छन् ।

अल जजीराले उल्लेख गरेअनुसार अघिल्लो दिन करिब ४० हजार प्रहरी परिचालन गरिएको थियो भने शुक्रबारदेखि थप पाँच हजार प्रहरी परिचालन गरिएको छ । गोली हानेर मारिएका १७ वर्षीय नाहेल एमको मृत्युलाई लिएर देशभर विरोध प्रदर्शन भइरहेका बेला फ्रान्समा बिहीबार ४ सय भन्दा बढी व्यक्तिलाई पक्राउ गरिएको थियो ।




नान्तेरेमा प्रदर्शनकारी र प्रहरीबीच झडप हुँदा मार्सेलीमा केही दिनअघि नाहेल नामका १७ वर्षीय किशोरको हत्या गोली लागेर मृत्यु भएको थियो । युवकको हत्याको विरोधमा प्रतिरोधलाई झन् तीव्र पारिएको छ ।

किशोरीको सम्झनामा निकालिएको र्‍याली हिंसात्मक बनेपछि नान्तेरेमा एउटा बैंकमा आगजनी भएको छ । सो घटनाको आशंकामा १५ जनालाई प्रहरीले सोधपुछका लागि नियन्त्रणमा लिएको छ । सीएनएनले बीएफएमटीभीलाई उद्धृत गर्दै मार्सेलीमा प्रदर्शनकारीहरूले प्रहरी अधिकारीहरूमाथि आतिशबाजी गरेको जनाएको छ ।

फ्रान्समा मंगलबार अशान्ति भड्किएको र नान्तेरेमा प्रहरीले आवागमन रोकेको केही घण्टापछि नाहेलको हत्या भएको थियो र त्यसको विरोधमा ४० वटा कारहरू जलाइएको थियो भने २४ जना प्रहरी अधिकारीहरू घाइते भएका थिए ।

प्रदर्शनकारीले ठाउँ ठाउँमा आगो बालेर आवागमनमाअवरोध खडा गर्नुका साथै प्रहरीमाथि आक्रमणसमेत गरेका छन् । सिएनएनका अनुसार हिंसाको चौथो दिन पनि सरकारले शान्ति सुव्यवस्था कायम गर्न संघर्ष गरिरहेको छ । अहिलेसम्म प्रहरीले करिब एक हजार जनालाई पक्राउ गरेको छ ।

फ्रान्सको गृह मन्त्रालयले शनिबार दिएको जानकारीअनुसार ९ सय ९४ जनालाई हिरासतमा लिइएको छ । सार्वजनिक सडकमा दुई हजार ५ सय ६० स्थानमा आगजनी गरिएको, एक हजार ३ सय ५० कार जलेको र २ सय ३४ वटा भवनमा क्षति वा आगलागीका घटना भएको बताइएको छ ।

शुक्रबार रातिसम्म ७९ जना प्रहरी घाइते भएका छन् भने ५८ प्रहरी स्टेसनमा आक्रमण भएका छन् । बिएफएमटिभीका अनुसार मार्सिलेको पुरानो बन्दरगाहमा शुक्रबार साँझ विस्फोट भएको थियो तर कुनै मानवीय क्षति भने भएको थिएन ।

# पूर्वी टिमोरको स्वतन्त्रता नायक गुस्माओ आठ वर्षपछि पुनः सत्तामा

**काठमाडौं/एजेन्सी–** दक्षिणपूर्वी एसियाको सबैभन्दा कान्छो लोकतन्त्र पूर्वी टिमोरका पहिलो जननिर्वाचित राष्ट्रप्रमुख जानाना गुस्माओ प्रधानमन्त्रीपदबाट राजीनामा दिएको आठ वर्षपछि शनिबार पुनः सत्तामा फर्किएका छन् ।

इन्डोनेसियाली कब्जाविरुद्ध रक्तरञ्जित गुरिल्ला लडाईंपछि आफ्नो कार्यकालको पहिलो दुई कार्यकालमा देशलाई एकताबद्ध बनाउने श्रेय ७७ वर्षीय स्वतन्त्रताका प्रतिमूर्तिलाई दिइएको थियो ।



गुस्माओको पार्टी, विपक्षी 'नेसनल कंग्रेस फर टिमोरिस रिकन्स्ट्रक्सन (सीएनआरटी)'ले मेको चुनावमा भारी मतान्तरले विजय हासिल गरेको छ र प्रतिरोध आन्दोलनको नेतृत्वमा रहेको वर्तमान गठबन्धनलाई पराजित गरेको छ ।

सीएनआरटीले डेमोक्र्याटिक पार्टीसँग मिलेर संसदमा बहुमत हासिल गरेपछि गुस्माओलाई पुनः प्रधानमन्त्रीमा चयन गरिएको थियो ।

पोर्चुगाली-टिमोरी मूलका शिक्षकहरूको छोरा, गुस्माओ पोर्चुगाली उपनिवेशमा हुर्किएका थिए । उनी सन् १९७५ मा स्वतन्त्र पूर्वी टिमोर (फ्रेटिलिन)को लागि क्रान्तिकारी मोर्चामा सामेल भएको र पहिले पोर्चुगल र त्यसपछि इन्डोनेसियाबाट स्वतन्त्रताको लागि लडेका थिए ।

उनी सन् १९८१ मा उनी फ्रेटिलिनको सैन्य शाखा फलिन्टिलका नेता बनेका थिए भने आफ्नो युवा तथा वयस्क जीवनको अधिकांश समय सँगी लडाकुहरूसँग जङ्गलमा बिताएका थिए ।

सन् १९९२ मा इन्डोनेसियाली सेनाले उनलाई पक्रेपछि उनले जकार्ताको जेलबाटै संघर्षको नेतृत्व गरेका थिए ।

# कम्बोडियास्थित फेसबुकका प्रतिनिधिलाई देश निकाला

**काठमाडौं/एजेन्सी–** कम्बोडियाले फेसबुकका प्रतिनिधिलाई देशबाट निष्कासन गर्ने निर्णय गरेको छ । दक्षिणपूर्वी एसियाली मुलुक कम्बोडियाका प्रधानमन्त्री सामदेक टेचो हुन सेनले फेसबुकका प्रतिनिधिलाई देशबाट निष्कासन गर्ने निर्णय गरेको बताएका हुन् ।

उनले सार्वजनिक रूपमा जारी गरेको सन्देशमा भने, 'अब फेसबुकलाई कम्बोडियामा आफ्नो प्रतिनिधि राख्न दिइने छैन तर देशमा फेसबुकको पहुँच रोक्ने मेरो कुनै मनसाय छैन ।' हुन सेनले निर्वासित राजनीतिक विरोधीहरूले गरेको 'अपमानजनक' टिप्पणीप्रति फेसबुकले पक्षपात गरेको आरोप लगाएका छन् ।



हुलाक तथा दूरसञ्चार मन्त्रालय (एमपीटीसी) ले शुक्रबार अबेर एक विज्ञप्ति जारी गर्दै फेसबुकका प्रतिनिधिलाई कम्बोडियाबाट निष्कासन गर्ने र कम्पनीको प्रतिनिधित्व, सरकारसँगको सम्बन्ध र निजी क्षेत्रमा साझेदारी सहयोगजस्ता सबै गतिविधि बन्द गर्ने निर्णय गरेको जनाएको छ ।

विज्ञप्तिमा एमपीटीसीले कम्बोडियाका प्रयोगकर्ताहरूका लागि फेसबुकको सेवाहरूमा नक्कली खाताहरू सिर्जना गर्ने, निजी सुरक्षाको जोखिम, तथ्यांक प्रयोग र संकलन, नक्कली समाचारको प्रसार, जवाफदेहिता र पारदर्शिताको कमी, र देशको राजनीतिक मामिलामा हस्तक्षेपजस्ता अनियमितताहरू फेला पारेको जनाइएको छ ।

ROMANIA मा रोजगार | १. कम्पनी : HUMANITARIAN HUMAN RESOURCES SRL
शहर : ROMANIA

पूर्व स्वीकृत मिति: २०७९/०३/०९ चलानी नं.: ६०१८१६६६३ LT. No.: 265552 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | USD | ने. रू. | | | | | | | |
| 1. | Tile Mason | 1 | 0 | सम्बन्धित काममा दक्ष | 600 | ८५२१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Spa Therapist | 0 | 8 | | 650 | ९२३१९ | | | | | | | |
| 3. | Plasterboard Worker | 5 | 0 | | 600 | ८५२१८ | | | | | | | |
| 4. | Mason (General) | 5 | 0 | | 600 | ८५२१८ | | | | | | | |
| 5. | General Worker | 2 | 3 | | 550 | ७८११६ | | | | | | | |
| 6. | Cook | 4 | 0 | | 650 | ९२३१९ | | | | | | | |
| 7. | Cleaner | 8 | 2 | | 550 | ७८११६ | | | | | | | |

यसै कम्पनीको लागि Delivery Boy को पनि आवश्यक भएकोले इच्छुक व्यक्तिले मेनपावर कार्यालयमा अन्तर्वार्ता दिन आउन सक्ने हुनेछ ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार २४ गते (9 July 2023) मा हुनेछ ।
अन्तर्वार्ता पाथिभारा होटेल र अञ्जली ट्रेनिङ सेन्टर कन्स्ट्रक्शनमा इटहरीमा २०८० असार २६ गते (11 July 2023) मा हुनेछ ।
अन्तर्वार्ता होटेल रेड कार्पेट, चितवन भरतपुरमा २०८० असार २८ गते (13 July 2023) मा हुनेछ ।
अन्तर्वार्ता बाजेको सेकुवा र पञ्चकन्या ट्रेनिङ इष्टिच्युड पोखरा कास्कीमा २०८० असार ३१ गते (16 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ७०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Govt. Lic. No.: 1253/074/075

The Global Recruitment Agency Pvt.Ltd.
महाराजगंज चक्रपथ, धारापाटी, काठमाडौं, नेपाल,
Tel No: 01-5912147 /014965264, 9801090469, 9801090468, 9801090472
Email: document.tgra@yahoo.com, Itahari Contact No: 9852046497/9808056550,
Chitwan Contact No: 9855050251/9818518608/9855054708 9761623614
Pokhara Contac t No: 061591040, 9802851906, 9802851907, 9802851908, 9802851909,

## Chaunrideurali Rural Municipality
## Office of Municipal Executive

Dhadkharka Bhanjyang, Kavrepalanchok
Bagmati Province, Nepal

### Invitation for Electronic Bids

**1st Date of Publication: 2080/03/17(2023-07-02)**

1. Chaunrideurali Rural Municipality, Dhadkharka Bhanjyang, Kavre invites electronic bids from duly eligible & qualified registered bidders for the procurement of following works under **National Competitive Bidding (NCB) Single-Stage: Two-Envelope Bidding Procedure** for S.N 1 . Name & identifications of contracts are mentioned below though the details are in the bidding document.

| S. N. | Contract Identification No. | Description of Works | Bid Document Fee Amount | Bid security Amount | Pre-Bid Meeting | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | CDRM/WORKS/NCB/HP/ 11/079/080 | Construction Works for 15 Bedded Primary Hospital | NRs.10,000.00/- | NRs.4.75 Million | 2080/04/11 (2023/07/27) 14:00 | 2080/04/16 (2023/08/01) 12:00 | 2080/04/16 (2023/08/01) 13:00 |

| Name of Bank | Name of office | Revenue Account Name & No. | Deposit Account name & No. |
|---|---|---|---|
| Kumari Bank, Chaunrideurali Branch | Chaunrideurali Rural Municipality, Dhadkharka, Bhanjyang, Kavre | ग.१.१ आन्तरीक राजश्व खाता 266024794870009 | ग.३ स्थानिय तह धरौटी खाता 2660247948700004 |

2. Tender procedures shall follow Public Procurement Act 2063 and Public Procurement Regulation 2064 along with recent amendments.
3. If the last date of purchasing and submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. For further information please refer to the PPMOs website http/bolpatra.gov.np/egp Any amendment in the notice or bid document will be posted in the website of office.

**Chief Administrative Officer**

# बक्स अफिस समाचार

# ‘राजनीतिमात्र गर्ने व्यक्तिले प्रज्ञा प्रतिष्ठान चलाउन सक्दैन’



**खोटाङ सिम्पानीका श्रष्टा डक्टर किरात गीतसंगीतको क्षेत्रमा स्थापित नाम हो। शास्त्रीय संगीतका गुरु तथा वैचारिक अभियान्तासमेत रहेका संगीतकार किरातले झण्डै चार सय गीतमा स्वर संगीत दिएका छन्। ‘सुनैको केश धोएँ सुनकोशीमा’, ‘सुन बालुवामा’, ‘थामी राख्नु है छोरा’, ‘यसपालि पनि हाम्रो भेट हुँदैन जस्तो छ’लगायत सयौं स्रोता रुचीका गीतमा संगीत सिर्जना गरेका किरातको आफ्नै शब्द रहेको ‘खोपी राखुँला नि लै लै तिम्रो नाम दर्शनै ढुंगामा’ बोलको गीतले २०६५ सालमा बीबीसी अवार्ड प्राप्त गरेको थियो। परम्परागत तथा शास्त्रीय संगीत प्रस्तुतिलाई गाउँ गाउँमा लैजाने योजना बनाएका किरात नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य पनि हुन्। नेपाली गीतसंगीतको बारेमा केन्द्रित रहेर कुशल संगीतकार तथा प्राज्ञ डक्टर किरातसँग मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठले गरेको कुराकानीको सम्पादित अंश :**

**‘सास्त्रीय संगीत संसारभर प्रसार, विद्यार्थी युवाको ज्ञानको आधार’ भन्ने नाराका साथ परम्परागत तथा शास्त्रीय संगीतलाई अभियानको रुपमा अगाडि बढाउनुको उद्देश्य ?**

शास्त्रीय संगीत भन्नाले शास्त्रमा आधारित या ग्रामण नेपालीमा ब्याकरण भन्न सकिन्छ। जब संगीत ब्याकरणको सम्पूर्ण व्याख्या विद्यार्थीहरुले गर्न सक्छन् या प्रयोग गर्न सक्छन् स्वतः ऊ उत्कृष्ट कलाकार कहलिन्छ। यही कुरालाई आधार मानेर अबका संगीत ब्याकरण विद्यार्थी युवाहरुमा पुऱ्याउनु पर्छ । जब संगीत ब्याकरण अध्ययन गरिन्छ र त्यसलाई साधनाद्वारा स्पातिलो बनाइन्छ अनिमात्र हाम्रो नेपाली संगीत मजबुत हुँदै जानेछ र विश्व बजारमा हामी आफ्नै पहिचान स्थापीत गराउन सक्छौं । अबको विद्यार्थी युवा पुस्तामा राज्यले अभियान या आन्दोलनको रुपमा शास्त्रीय संगीतलाई गाउँ गाउँको स्कुलहरुसम्म पुऱ्याउन अनिवार्य छ।

**नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य हुनुहुन्छ, खासमा जिम्मेवारी चाहिँ के हो ?**

नेपाल संगीत तथा प्रज्ञा प्रतिष्ठानमा हामी आएका छौं । हाम्रो टिम आएको छ या म आएको छु। स्वभाविक सांस्कृतिक संरक्षण सम्वर्द्धन र विकासका लागि पनि हो । तर त्यसको अलावा विभिन्न ऐतिहासिक जातिहरुको ऐतिहासिक सांस्कृतिक उत्खनन, अध्ययन, अनुसन्धान गरी राज्यमा संग्रहित गर्नुका साथै देशको सांस्कृतिक वा गीत संगीत नाट्य इत्यादी कलाहरुको नीति कस्तो बनाउने भन्ने पनि हाम्रो जिम्मवारी हो। मेरो या हाम्रो नीति नियम निर्माणसँग आफ्नो विभागमा परको शास्त्रीय संगीत र परम्परागत विभागलाई स्थापित बनाएर लाने, व्यवस्थित बनाएर लाने जिम्मेवारी पनि छ।

**पुरानो मौलिक बाजाहरुको पनि संरक्षणमा लाग्नुभएको छ, के पछिल्ला पुस्ताले यसको महत्व नबुझेर हो ?**

पुरानो मौलिक बाजाहरुको सन्दर्भमा समय परिवेश अनुसार युवाहरुमा आधुनिक अत्याधुनिक बाजाहरुप्रति मोह हुने कुरा सामान्य या स्वभाबिक हो । जहाँ नेपाली मौलिक बाजाहरु भन्दा विदेशी बाजाहरुको प्रयोग भैरहेको देखिन्छ । तर कतिपय युवा विद्यार्थीहरुमा आफ्नै बाजा आफ्नै संस्कृतिप्रति मोह जागेको देखिन्छ। त्यस्त विद्यार्थी युवाहरुको चेतनालाई सलाम गर्नुपर्छ । कति युवाहरु विदेशी बाजा संस्कृतिमा डुबेका छन् । उनीहरुलाई पनि हाम्रो मौलिक बाजाहरुको विषयमा राम्रो स्कुलिङ गर्नुपर्छ । कतिपय अवस्थामा हाम्रो मौलिक बाजाहरुलाई आधुनीककरण गर्न नसक्दा विदेशी बाजाहरुप्रति मोह बढेको देखिन्छ । यसमा राज्य र प्राज्ञिक कलाकारहरु सजग हुनुपर्छ र हाम्रा परम्परागत पौराणिक बाजाहरुलाई विकास गरेर युवा पुस्तालाई आफ्नै बाजा र संस्कृतिप्रति आकर्षित गराउनुपर्छ ।

**सिंगो नेपाली मौलिक बाजाहरू संरक्षण र सम्वर्द्धनसँगै ती बाजाहरू बजाउन योग्य वाद्यवादक उत्पादन गर्ने उद्देश्यले विगतमा विभिन्न जिल्लामा प्रतिष्ठानले प्रशिक्षण कार्यक्रम गरेको थियो, त्यसबाट के उपलब्धि पाउनुभयो ?**

नेपाली मौलिक बाजा प्रशिक्षणले आफ्नो बाजाहरुप्रतिको मोह, आफ्नो ऐतिहासिक संस्कृतिप्रतिको मोह जगाउने महत्वपूर्ण उपलब्धि गरेको छ । र, त्यसलाई निरन्तरता दिँदै कुशल प्रशिक्षार्थीहरुलई अझ खार्दै निखार्दै अगाडि बढाउनुपर्छ । सबैले कुशलता हासिल नगर्लान, तर हाम्रो आफ्नो संस्कृति पुर्खाहरुको विरासतप्रति गर्व गर्न सक्ने बनाउनु पनि ठूलो कुरा हो। आउने दिनहरुमा पनि गाउँगाउँ, टोलटोलमा प्रशिक्षण चलाउन जरुरी छ।

**मौलिक बाजाहरू र वाद्यवादक कालान्तरसम्म संरक्षण गर्न अबको दिनमा के गर्नुपर्ला ?**

हाम्रो मौलिक बाजाहरुलाई विकास गर्नुपर्छ। ता कि विदेशी बाजा मोह कम होस् र आफ्नै बाजाहरुप्रति मोह बढोस्। चाडवाड, विवाह तथा मेलापातमा मात्रै नभइ ठूलाठूला सम्मेलन आयोजना गर्नुपर्छ। जसका कारण गीत संगीतप्रति सबैको मोह बढ्छ र संसारलाई हाम्रा गीत संगीत, संस्कृतिले देशलाई चिनाउन सक्छ।

**हाम्रा बाजाहरू बजाइने भनेको विभिन्न चाडपर्व, विवाह, ब्रतबन्ध, मेलापर्वआदि शुभकार्यहरूमा नै हो । जसरी चलिआएको छ, त्यसैगरी चल्न दिए हुन्न ?**

प्रतिष्ठानमा यही गर्छु भन्ने पूर्ण दाबी गर्न त सकिँदैन । तर देशलाई संसारसामु चिनाउन सांस्कृतिक अभियानहरु अवश्य चलाउने छौं । सांस्कृतिक नीतिहरु बनेका छन्, अपुग थप गर्दै जाने छौं । गीत संगीतमात्र होन यो त आम जीवन समाज देशको नैतिकतासँग जोडिन्छ । संस्कृति भन्ने कुरा बानी व्यहोरा, जीवनका सबै पद्धत्ति संस्कृतिमा पर्दछ । त्यसका लागि संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले कोसिस गर्नुपर्छ। म एक्लैले हुने कुरा भएन । समयअनुसार चल्न त दिने मौलिकपनलाई मोड्न दिनु हुन्न ।

**प्रतिष्ठानमा तपाईंको प्रवेशपछि भविश्यमा के भिन्नता पाउन सकिएला ?**

मौलिक बाजाहरुको अर्केष्टाका लागि दिमागमा ठूलाठूला योजना त छन्, तर समय लाग्छ । हाम्रो देशमा प्रोफेशनल वाद्यवादकहरु कम नै छन् । त्यसमाथि मौलिक बाजाहरुको विकास पूर्णरुपमा भइसकेको छैन। विकास भइसकेका बाजाहरुको सामूहिक बृन्दवादन त निरन्तर चलेकै छ, चलाइ रहने छौं। यसलाई विकास पनि गर्ने छौं ।

**अहिलेका युवा पुस्ताले नेपाली गीतसंगीतप्रति चासो नदिनुको कारण के होला ?**

नेपाली युवा पुस्तामा नेपाली संगीत मोह भंग केही हदसम्म त छ, तर धेरै युवा पुस्ताहरु विशेष गरेर गाउँबाट आएका पुस्ताहरुमा नेपाली गीतसंगीतप्रति मोह नजिकबाट भएको पाउँछु। साँच्चै भन्ने हो भने जो पुरानादेखि अहिलेका नयाँ गाउँले पुस्ताले नै नेपाली संगीत विरासत धानेको हो। संसारभरिका सांस्कृतिक अतिक्रमणले ढाल्न नसकेको नेपाली गीतसंगीत अब केही वर्षपछिदेखि जुर्मुराएर उठ्नेछ भन्ने लाग्छ । अहिलेसम्म नेपाली गीतसंगीतहरु कुहिरोमा रुमलिएको अवश्य हो। अब आफ्नै यथार्थता धरातलको म्युजिकहरु आउनुपर्छ।

**मौलिक संस्कृतिसाग जोडिएका संगीतसाग सम्बन्धित कुराहरूको अभिलेखीकरण गर्ने काम भएको छ कि ?**

नेपाल संगीत तथा नाटय प्रज्ञा प्रतिष्ठान विशेषतः अनुसन्धानात्मक कार्य गर्ने देशको मुख्य थलो भएका कारण सबै जातिहरुको सांस्कृतिक अभिलेखीकरण गर्नै पर्छ। र, भ्याएसम्म खोज अनुसन्धान गरिरहन्छ। यो देश र राज्यको कर्तव्य हो र राज्यको ठूलो सम्पत्ति पनि संस्कृति नै हो। देशलाई आफ्नै मौलिकतामा परिचय गराउने मुख्य अंग भएको कारण हरेक जातिहरुको ऐतिहासिक संस्कृतिलाई अभिलेखीकरण गर्नै पर्दछ र सत्य संसारलाई देखाउनै पर्छ कि हामी संस्कृतिमा कति धनी हौं भन्ने ।

**प्रतिष्ठानमा प्राज्ञ हुनुहुन्छ, यो राजनीतिक भर्तिकेन्द्र र राज्यकोष रित्याउने संस्था हो भन्छन् नि ?**

केही हदसम्म यहाँ राजनीतिक नियुक्ति नै हुन्छ । तपाईंले भनेको केही सत्य नै हो । तर यो होइन कि उसले कला संस्कृति अध्यायन नगरेको होस्, देशको समाज नबुझेको होस् र देशमा चलिरहेको राजनीति परिवेश नबुझेको होस्। यी सम्पूर्ण कुराहरु नजिकबाट बुझे भोगेर खारिएर आएका चेतना योग्य पात्र प्राज्ञ हुन लायक हुन्छ। राजनीतिमात्र गर्ने व्यक्तिले प्रज्ञा प्रतिष्ठान चलाउन सक्दैनन्। कला, संस्कृति, समाज, देश, विदेश, राजनीति बुझेका व्यक्ति नै यस प्रतिष्ठानका लागि अनिवार्य हुन्छ। त्यसैले यहाँ गीतमात्र गाउने ठाउँ, बाजामात्र बजाउने ठाउँ, नाच्ने नाट्यमात्र देखाउने ठाउँ भनेर सोच्नु हुँदैन । यो त सांस्कृतिक मन्त्रालय अर्न्तगत संगीत तथा नाट्यको मन्त्रालय हो भन्ने बुझ्नु पर्दछ । त्यसका लागि राजनीतिक नियुक्ति हुन्छ। संगीत तथा नाट्य मन्त्रालय चलाउन राज्यको कोष त अवश्य खर्च हुन्छ। देशैभरिका आमजनता, जाति, समुदायको संस्कृतिप्रति काम गर्न राज्यले लगानी गरेको हुन्छ ।

**प्राज्ञ नियुक्त हुन शैक्षिक योग्यता चाहिँदैन ?**

शैक्षिक योग्यता अत्यन्तै अपरिहार्य छ । एकेडेमिक शिक्षा होस् या आफ्नो विषयप्रति पूर्ण दखल राख्ने पात्र । माथि भने झैं राष्ट्रिय अन्तर्राष्ट्रिय मानव विकास समाज संस्कृतिसँग गहिरो अध्ययन अनुसन्धान भएको पात्र होस् । कार्य सम्पादन गर्न सक्ने क्षमतावान मान्छे नै प्राज्ञहरु हुन्छन् ।

**समग्र कला क्षेत्रको उत्थानका लागि राज्यले खेल्नुपर्ने भूमिका ?**

कला सांस्कृतिक क्षेत्रलाई राज्यले आर्थिकरुपले सम्पन्न बनाउने योजनाहरु ल्याइदियोस् वा एकेडेमीले बनाएको सम्पूर्ण पोलिसिहरुलाई पूर्णरुपमा समर्थन गरोस्। हाम्रो देशको मुख्य चिनारी वा परिचय संस्कृति नै हो, यसलाई हेलित भावले हेर्नु हुन्न । यो हाम्रो राष्ट्रको मुख्य अंग हो भन्ने भाव दिमागमा राख्ने हो भने र एकेडेमीमा सही पात्रहरु छन् भन्ने विश्वास राखी सरकार अघि बढे सांस्कृतिक फाँटबाट राज्यले ठूलो सांस्कृतिक आर्थिक, रानैतिक कूटनीतिक सम्पूर्ण जग बसाल्न सक्नेछ । र, देश संसारकै बहुसांस्कृतिक देशको रुपमा स्थापित हुनेछ । यसका लागि सरकारले संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानलाई सहयोग गर्नै पर्छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०३/१७**

**तामाङ प्लाजा प्रा.लि.** को मिति २०८०/०२/०५ गते मा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **तमाङ प्लाजा एग्रो रिसोर्ट प्रा.लि. (प्रा.लि. नं.: २६६५१८)** कायम गर्ने गरी मिति २०८०/०३/०१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०३/१७**

**बनाऊ टोली प्रा.लि.** को मिति २०८०/०३/०३ गते मा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **आर.पी. डिजाइन प्रा.लि. (प्रा.लि. नं.: २८८४८९)** कायम गर्ने गरी मिति २०८०/०३/१२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम र ठेगाना परिवर्तन भएको सूचना**

दोश्रो पटक प्रकाशित मितिः २०८०/०३/१७

यस कम्पनीको मिति २०८०/०३/१० मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तपसिलमा उल्लेखित सर्तहरु पालना गर्ने गरी कम्पनीको प्रबन्धपत्रको दफा १ तथा नियमावलीको नियम १ मा संशोधन गरी साविक कम्पनी जर्नी टु युरोप प्रा.लि. (प्रा.लि.द.नं.: १७९७४४) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०३/१३ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी आइडिया मेकर एजुकेशन प्रा.लि. कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै कम्पनीको सोहि मितिको बिशेष साधारण सभाको निर्णय बमोजिम टोखा नगरपालिका वडा नं. ९, काठमाण्डौमा रहेको कम्पनीको ठेगाना परिवर्तन गरी बुटवल उपमहानगरपालिका, वडा नं. ९, रुपन्देही मा राख्ने जानकारी गराईन्छ ।

**Qatar मा बैदेशिक रोजगारको अवसर**

१.कम्पनी.- **Source & Power Trading & Contracting Co. Wll, Doha, Qatar**

पूर्व स्वीकृती मिति २०८०।०३।१५ | चलानी नं. ६०२०४०४४ | LT.No. 288694

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलव QR | मासिक तलव नेरु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 20 | स. कामा दक्ष | 1000 | ३५,९९०।- | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | छ | | | २ वर्ष |
| 2 | Gypsum Technician | 04 | | 1200 | ४३,१८६।- | | | | | | | |
| 3 | Foreman | 02 | | 2500 | ८९,९७१।- | | | | | | | |
| 4 | Supervisor | 15 | | 2500 | ८९,९७१।- | | | | | | | |
| 5 | Building Worker | 03 | | 1000 | ३५,९९०।- | | | | | | | |
| 6 | Plaster Worker | 05 | | 1200 | ४३,१८६।- | | | | | | | |
| 7 | Porter | 03 | | 1300 | ४६,७८५।- | | | | | | | |
| 8 | Mason | 05 | | 1200 | ४३,१८६।- | | | | | | | |
| 9 | Plumber | 02 | | 1200 | ४३,१८६।- | | | | | | | |
| 10 | Carpenter | 03 | | 1200 | ४३,१८६।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भीषा शुल्क कस्ले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष यवस्था | सेवा शुल्क तथा जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु. १०,०००।- |

**अन्तर्वार्ता २०८० असार २४ गते (9 July, 2023) मेनपावर कार्यालय मध्यबानेश्वरमा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । (२) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । (४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालीम अनिवार्य लिनु होला । (५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्भौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । (६) काममा बिदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नु होला ।

**Al Ajeets Management & Outsourcing P. Ltd.**

मध्य बानेश्वर, काठमाण्डौ, नेपाल, फोन नं. ४४७९३९०, ४४७९३९१

सम्पर्क नं. ९८६०४५०१८१, ९८६०७७७३९२

श्रम इजाजत नं. ३७०/०५९/०६०,

**एन आई सी एशिया बैंक लिमिटेड**

रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्सः +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
सिरहा शाखा, सिरहा नगरपालिका
सम्पर्क फोनः +९७७-०३३-५२११५१/५२

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री दुखि यादवको नाति, ठकाई यादवको छोरा, मधेश प्रदेश सिरहा जिल्ला, विष्णुपुर गा.वि.स वडा नं. ०८ हाल विष्णुपुर गाउँपालिका - ५ बस्ने ६२ वर्षको श्री फनिलाल यादवको मिति २०७६/०४/२७ (ई.सं. १२/०८/२०१९) मा मृत्यु भएकोले स्व. फनिलाल यादवकी पत्नी हाल विष्णुपुर गाउँपालिका - ५ बस्ने श्रीमती फुलकुमारी यादवले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको सिरहा शाखा, सिरहा नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

**मलेसियामा रोजगार**

कम्पनीः **BEE KONG RESOURCES SDN BHD**
शहरः **JOHOR**

पुर्व स्वीकृत मितिः २०८०/०३/०४ | चलानी नं.: ६०२०३४३४ | LT. No.: 288109 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८० असार २४ गते (9 July 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**C.D. Human Resources Pvt. Ltd.**

Gov. Lic. No. 1048/073/74

Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np

Mobile :984238673, 9801081253, 9801081255, 9801081252, 9851094766, 9801081247, 9823187308, 9827934073

**मलेसियामा रोजगार**

कम्पनीः **GEOHAN SDN BHD**
शहरः **KUALA LUMPUR**

पूर्व स्वीकृत मितिः २०८०/०२/२३ | चलानी नं.: ६०२०२६५८ | LT. No.:. 287432 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**प्रि-अन्तरर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८० असार २३ गते (8 July 2023) मा हुनेछ ।**
**फाइनल अन्तरर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८० असार २४ गते (9 July 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**वि. एस. ओभरसिज प्रा. लि.**

B.S. OVERSEAS PVT. LTD.

पो.ब.नं.: १५१४२, सामखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.: ०१-४९६३३५८, ०१-४९८७४०२, ०१-४३६४४१०

श्रम इजाजत नं. ५४०/०६१/०६२

ISO 9001 : 2015 CERTIFIED
Regd No : 19313/A/001/En

E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@ gmail.com
website: www.bsoverseasnepal.com.np



# साफ उपाधिका लागि भारत र कुवेत भिड्ने

**काठमाडौं/मस–** साफ च्याम्पियनसिप फुटबलको उपाधिका लागि घरेलु टोली भारत र कुवेतबीच प्रतिस्पर्धा हुने भएको छ। शनिबार भएको सेमिफाइनल खेलमा लेबनानलाई पराजित गर्दै भारत फाइनलमा पुगेको हो भने बंगलादेशलाई पराजित गर्दै कुवेत फाइनलमा पुगेको हो।

शनिबार भएको पहिलो सेमिफाइनलमा कुवेतले बंगलादेशलाई १-० गोल अन्तरले पराजित गरेको हो। नियमित ९० मिनेटको समय गोलरहित बराबरीमा टुंगिएपछि खेल थप समयमा गएको थियो। थप समयको पहिलो हाफको इन्जुरी समयमा कुवेतले अग्रता बनाएको थियो। अल्ब्लोसीले पेनाल्ल्टी बक्स भित्रबाट गोल गरेका थिए। सोही गोल नै खेल जित्नका लागि निर्णायक बन्यो।

भारतले पेनाल्टी सुटआउटमा लेवनानलाई ४-२ गोल अन्तरले पराजित गऱ्यो। निर्धारित समयको खेल गोलरहित बराबरीमा सकिएपछि निर्णय पेनाल्टी सुटआउटमा गरिएको थियो।

# वेस्ट इन्डिज विश्वकप छनोटबाटै बाहिरियो




**काठमाडौं/मस–** वेस्ट इन्डिज आईसीसी विश्वकप छनोटबाटै बाहिरिएको छ। सुपर सिक्समा आफ्नो पहिलो खेलमै स्कटल्यान्डसँग ७ विकेटले पराजित भएसँगै समान दुई पटक एकदिवसीय र टी-२० विश्वकप विजेता वेस्टइन्डिज भारतमा हुने एकदिवसीय विश्वकपको लागि छनोट नहुने भएको हो।

वेस्ट इन्डिजले दिएको १८२ रनको लक्ष्य स्कटल्याण्डले ४३.१ ओभरमा तीन विकेट गुमाउँदै भेट्टाएको थियो। स्कटल्याण्डलाई जित दिलाउन म्याथ्यु क्रसले अविजित सर्वाधिक ७४ रनको योगदान गरे। त्यस्तै ब्रान्डन म्याकुलमले ६९ रन र जर्ज मुन्सेले १८ रनको योगदान गरे। ऋचि बेरिङटन १३ रनमा अविजित रहे।

वेस्ट इन्डिजका लागि ज्याशन होल्डर, रोमारियो सेपहर्ड र अकिल होसेनले समान एक एक विकेट लिए।

यसअघि टस हारेर पहिला ब्याटिङ गरेको वेस्ट इन्डिज ४३.५ ओभरमा अलआउट हुँदै १८१ रन बनाएको थियो। वेस्ट इन्डिजका लागि ज्यासन हेल्डरले सर्वाधिक ४५ रन बनाए। त्यस्तै रोमारियो सेपहर्डले ३६, ब्रान्डन किंगले २२, निकोलोश पुरानले २१, कप्तान साई होपले १३, केभिन सिनक्लेरले १० रन बनाउँदा अन्य खेलाडीले दोहोरो अंकको रन बनाउन सकेनन्। वेस्ट इन्डिजका जोनसन चार्ल्स र सर्माह ब्रुक्सले खाता नै खोल्न सकेनन्।

वेस्ट इन्डिजलाई सस्तैमा समेट्न ब्रान्डन म्याकुलमले सर्वाधिक तीन, क्रिश ग्रिभ्स, कार्म वाट र क्रिश सोलले दुई दुई विकेट लिए भने एक विकेट शाभ्यान शारिफको नाममा रह्यो।

वेस्ट इन्डिजले शुरुवाती दुई सस्करणको एक दिवसीय विश्वकप जितेको थियो। उसले सन् १९७५ र १९७९ को एक दिवसीय विश्वकप जितेको थियो भने सन् २०१२ र २०१६ को टी-२० विश्वकप जितेको थियो। वेस्टइन्डिज समूह चरणबाट अंकविहीन हुँदै आएको थियो। अव बुधबार ओमान र शुक्रबार श्रीलंकासँग खेल्नेछ। यी दुवै टोलीलाई हराएपनि वेस्टइन्डिजको ४ अंक हुन्छ। उता जिम्बावे र श्रीलंका समान दुई खेल अगावै ६-६ अंकका साथ विश्वकप नजिक पुगेका छन्।

स्कटल्यान्ड ३ खेलमा २ मा जित र १ मा हारसहित तेस्रो स्थानमा छ। स्कटल्यान्डले मंगलबार र जिम्बावे र बिहीबार नेदरल्यान्ड्ससँग खेल्नेछ। यी दुवै खेलमा विजयी भएमा विश्वकपको सम्भावना रहन्छ।

# प्रथम महिला हाफ म्याराथनको उपाधि राममायालाई




**काठमाडौं/मस–** सशस्त्र प्रहरी परिवार महिला संघको २२ औं वार्षिकोत्सवका अवसरमा शनिबार काठमाडौंमा भएको 'प्रथम महिला हाफ म्याराथन प्रतियोगिता २०८०'को उपाधि नेपाल पुलिस क्लबकी राममाया बुढाले हात पारेकी छन्।

उनले एक घन्टा २६ मिनेट नौ सेकेन्डमा २१ किलोमिटर दूरी पार गर्दै उपाधि उचालेकी हुन्। सशस्त्र प्रहरी बल प्रधान कार्यालय हल्चोकको रंगशालाबाट शुरु भएको म्याराथन स्वयम्भू, कलंकी, बल्खु, सानेपा, एकान्तकुना, सातदोबाटो, एन्फा फुटबल ग्राउण्डबाट सोही रुट फिर्ता हुँदै स्टार हस्पिटल सानेपा, बल्खु, कलंकी, सीतापाइला, कारखानाचोक भई पुनः हल्चोक रंगशाला आएर समापन भएको थियो।

प्रतियोगितामा प्रथम हुने नेपाल पुलिस क्लबकी राममायाले रु एक लाख प्राप्त गरिन्। दोस्रो हुने नेपाल एपीएफ क्लबकी बिन्दाधन्के श्रेष्ठले एक घन्टा २७ मिनेट २७ सेकेन्डमा निर्धारित दूरी पार गरी रु ७५ हजार तथा तेस्रो हुने त्रिभुवन आर्मी क्लबकी पूर्णराज्यलक्ष्मी न्यौपानेले एक घन्टा २७ मिनेट ५० सेकेन्डमा पार गरी रु ५० हजार पुरस्कार जितिन्।

चौथो हुने नेपाल एपीएफ क्लबकी आशा राउतले एक घन्टा ३२ मिनेट १८ सेकेन्डमा पार गरी रु २५ हजार र पाँचौं हुने नेपाल पुलिस क्लबकी सुमित्रा चौधरीले एक घन्टा ३२ मिनेट २८ सेकेन्डमा पार गर्दै रु १५ हजार प्राप्त गरिन्। उपाधि हासिल गर्ने धावकलाई आइतबार वार्षिकोत्सवमा पुरस्कार तथा प्रमाणपत्र वितरण गरिने कार्यक्रम रहेको छ। प्रतियोगितमा त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, नेपाल एपीएफ क्लबलगायत सशस्त्र प्रहरी बल नेपालका बाहिनी मुख्यालय तथा देशैभरका महिला धावक गरी ४२ महिलाको सहभागिता थियो।

# कुँवर र खड्काको जोडी प्रथम



**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, १६ असार

नेपाल प्रहरीको मनोबल बढाउन जिल्ला प्रहरी कार्यालय रौतहटले आयोजना गरेको डबल्स ब्याडमिन्टन प्रतियोगिता सम्पन्न भएको छ। प्रतियोगिताको उपाधि प्रहरी निरीक्षक दिनेश बहादुर कुँवर र प्रहरी वरिष्ठ नायव निरीक्षक योगराज खड्काको जोडीले जितेको छ। यस्तै प्रतियोगितामा प्रहरी नायव उपरिक्षक उमाशंकर यादव र सशस्त्र प्रहरी नायव उपरीक्षक सूर्य प्रसाद तिमल्सेनाको जोडी उपविजेता बन्यो। प्रतियोगिताका विजयी खेलाडीलाई रौतहका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले पुरस्कार, प्रमाणपत्र तथा मेडल लगाइदिएका थिए।

सो अवसरमा प्रहरी उपरीक्षक विरबहादुर बुढा मगर, सशस्त्र प्रहरी उपरीक्षक माधव रेग्मी, राष्ट्रिय अनुसन्धान विभागका प्रहरी उपरीक्षक चन्दन झाको उपस्थिति रहेको थियो। असार १४ गतेदेखि शुरु भएको प्रतियोगितामा नेपाल प्रहरी, प्रहरी स्कुलका गरी १० जोडी सहभागी भएका थिए।

# स्क्वासको नेतृत्वमा गुरुङ




**काठमाडौं/मस-** नेपाल स्क्वास एन्ड र्‍याकेट्स संघको अध्यक्षमा ध्रुबबहादुर गुरुङ चयन भएका छन्। संघको १४ औं वार्षिक साधारण सभा तथा पाँचौं अधिवेशनले आगामी चार वर्षका लागि गुरुङलाई अध्यक्षमा चयन गऱ्यो। अध्यक्ष पदका लागि भएको मतदानमा गुरुङले मनोजबहादुर श्रेष्ठलाई हराए।

अन्य सबै पद निर्विरोध रहे। उपाध्यक्षमा प्रेम सिंह, सुदीपबहादुर सिंह, दिलिप नरसिंह अधिकारी, जगतसुन्दर सैंजु र रुपकदास ताम्राकार चयन भए। महासचिवको जिम्मेवारी लोकेन्द्रमान सिं भण्डारीले पाए। शैलेस अमात्य कोषाध्यक्ष र महेन्द्र महर्जन सचिवमा निर्विरोध चुनिए। सदस्यमा राजेन्द्र शाक्य, लालबहादुर गुरुङ, अनिल वज्राचार्य, विदुर धमला, रत्न महर्जन, राकेशकुमार गुप्ता, गिन्दिरा श्रेष्ठ र भावना सुनुवार रहेका छन्।

साधारण सभाको राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङले एक कार्यक्रमबचि उद्घाटन गरे। सदस्य-सचिव घिसिङले आगामी एसियाडमा राम्रो तयारी गर्न अनुरोध गर्दै स्क्वासको प्रशिक्षणका लागि विदेशी प्रशिक्षकको पहल गर्न तयार रहेको प्रतिबद्धता जनाए।

सो समारोहमा होङजोउ एसियाडमा नेपालको प्रतिनिधित्व गर्ने स्क्वासका छ खेलाडी अरहान्त केशर सिंह, अमृत थापा मगर, अमिर ब्लोन, कृष्णा थापा, विपना ब्लोन र स्वस्थानी श्रेष्ठलाई सम्मान गरिएको थियो।

यसैगरी, पछिल्ला दुई कार्यकालको नेतृत्व गरेका किशोर महर्जनले स्क्वासलाई व्यवसायिक बनाउने प्रयास गरेको बताए। नेपाल ओलम्पिक कमिटीका महासचिव निलेन्द्रराज श्रेष्ठले स्क्वास संघको प्रगतिको कामना गर्दे एसियाडमा स्क्वासको सफलताका लागि शुभकामना दिए।

# प्रगतिलाई स्वर्ण



**काठमाडौं/मस–** मुलपानी तेक्वान्दो डोजाङकी प्रगति कुइकेल पाँचौं नेकोस खुला तेक्वान्दो प्रतियोगितामा शनिबार स्वर्ण जितेकी छन्। काटेश्वर तेक्वान्दो डोजाङमा भएको महिला ३८ केजीमा प्रगतिले चन्द्रागिरीकी शेली गुरुङलाई पराजित गरिन्। काटेश्वरकी अन्सु योञ्जन तथा सुसंस्कारकी म्यारिका शाह तेश्रो भए।

नेपाल खेलकुद महासंघ (नेकोस) अन्तर्गत राष्ट्रिय तेक्वान्दो संघ, नेपालद्वारा आयोजित प्रतियोगिताको महिला २१ केजीमा सुन्दरीमाइकी पुनम घिमिरे, २८ केजीमा नवजीवनकी रोशनी आचार्य, ४६ केजीमा चन्द्रागिरीकी खुस्बु लिम्बू, ५२ केजीमा कोटेश्वरकी रिमा खत्री, २४ केजीमा हेटौंडाकी माधवी घलान, ३३ केजीमा कोटेश्वरकी सुरक्षा केसी, ४३ केजीमा सुशंस्कारकी सुमिना वाइबा र ४९ केजीमा कोटेश्वरकी इसिका रानाले पहिलो स्थान हात पारे।

पुरुष २२ केजीमा रिब्सका रिदम तामाङ, २५ केजीमा सुनसरीका प्रज्ज्वल तामाङ, ३१ केजीमा चन्द्रागिरीका समिर ठाकुर, २८ केजीमा सुन्दरीमाइका विशाल तामाङ र ३४ केजीमा मूलपानीका भिजन तामाङले स्वर्ण जिते।

मदन भण्डारीको ७२ औं जन्मजयन्तीको अवसरमा आयोजित प्रतियोगिताको नेकपा एमालेका स्थाई कमिटी सदस्य तथा पूर्व उद्योग मन्त्री नेपाल खेलकुद महासंघका इन्चार्ज कर्णबहादुर थापाले तेक्वान्दो खेल सामाग्री जुरी गणेश जिम्मा लामालाई हस्तान्तरण गरी उद्घाटन गरे।

सो अवसरमा बाग्मती प्रदेशका पुर्व सभामुख सानुकुमार श्रेष्ठ, एमाले केन्द्रीय कमिटीका सदस्य तथा बाग्मती प्रदेशका पुर्व मन्त्री सरेश नेपाल, नेपाल खेलकुद महासंघका अध्यक्ष प्रशुराम बस्नेत, उपाध्यक्ष नन्दा बस्याल, महासचिव धर्म लामा, तेक्वान्दो खेलका पुर्व मुख्य प्रशिक्षक ध्रुव गुरुङ, वरिष्ठ प्रशिक्षक शेरबहादुर थापा मगर, मिन थापा, कृष्णभक्त न्यौपाने, तेक्वान्दो खेलका मुख्य प्रशिक्षक तथा अन्तर्राष्ट्रिय निर्णायक नविनकुमार श्रेष्ठ, नेपाल तेक्वान्दो संघका पुर्व केन्द्रिय सदस्य ईश्वर विडारी, अन्तर ाष्ट्रिय निर्णायक मिन न्यौपाने, अशोक खड्का, एन्फाका पुर्व महासचिब तथा तेक्वान्दो खेलका पूर्व प्रशिक्षक ईन्द्रमान तुलाधर लगायतको उपस्थिति रहेको थियो।

कार्यक्रमको सभापतित्व राष्ट्रिय तेक्वान्दो संघ, नेपालका अध्यक्ष एंब अर्न्तराष्ट्रिय निर्णायक हिराबहादुर थापाले गरेका थिए। सो अवसरमा कोटेश्वर तेक्वान्दो डोजाङका खेलाडीहरुले तेक्वान्दो प्रदर्शनी खेलका साथै स्वागत् नृत्य गरेका थिए। दुई दिनसम्म सन्चालन हुने प्रतियोगितामा गेरोगीतर्फ २० र पुम्सेतर्फ २ गरी कुल २२ स्वर्ण पदकका लागि ३१ वटा डोजाङका ३७५ जना खेलाडीको सहभागिता रहेको आयोजकले जनाएको छ।

# मेलम्चीका किसन र राजनलाई उपाधि




**देवराज सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, १६ असार

सिन्धुपाल्चोक जिल्लास्तरीय ब्याडमिन्टन प्रतियोगिता शनिबार सम्पन्न भएको छ। चौतारास्थित कभर्डहलमा तीन दिनदेखि भएको प्रतियोगिताको पुरुष डबलतर्फ मेलम्चीका किसन दुलाल र राजन श्रेष्ठको जोडी प्रथम हुन सफल भएको छ। चौताराका प्रकाश श्रेष्ठ र रमेश श्रेष्ठको जोडीलाई हराउँदै दुलाल र श्रेष्ठको जोडी प्रथम भएको हो।

प्रथम हुन सफल दुलाल र श्रेष्ठको जोडी, द्वितीय हुन सफल श्रेष्ठको जोडी, तृतीय भएको राजन श्रेष्ठ, मनोज लामाको जोडी तथा अजय श्रेष्ठ, अमृत कार्कीको जोडीलाई चौतारा साँगाचोकगढी नगरपालिकाका प्रमुख कृष्णप्रसाद सापकोटाले क्रमशः ३० हजार, २० हजार र ५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरे।

त्यस्तै महिला सिंगलतर्फ चौताराकी प्रजिना बस्नेतलाई हराउँदै बाह्रबीसेकी टासी डोल्मा शेर्पा प्रथम भइन्। चौताराकी अस्ना श्रेष्ठ र बाह्रबीसेकी युली श्रेष्ठ तृतीय भए।

तीन विधामा भएको प्रतियोगिताको पुरुष भेट्रानतर्फ भने खाडिचौरका साजन न्यौपाने र राकेश थापाको जोडी प्रथम भए। रुपबहादुर घले र घर्मबहादुर घलेको जोडी द्वितीय भए भने नारायणलाल श्रेष्ठ, कुमार सापकोटाको जाडी र लालकाजी कार्की र दिनेश थापाको जोडी तृतीय भए।

चौतारा साँगाचोकगढी नगरपालिकाको आयोजनामा भएको प्रतियोगितामा जिल्लाभरका ५४ जना खेलाडीले भाग लिएका थिए। प्रतियोगिताको समापन कार्यक्रमलाई सम्बोधन गर्दै नगरपालिकाका मेयर सापकोटाले खेलाडीहरुको उत्साहलाई जिवन्त राख्दै जिल्लास्तरमा मात्र नभइ राष्ट्रियस्तरका खेलाडी बनाउनका लागि नगरपालिकाले सहयोग र समन्वय गर्ने प्रतिबद्धता व्यक्त गरे।

# टेनिसको विधान पारित




**काठमाडौं/मस–** नेपाल टेनिस संघको शनिबार सम्पन्न विशेष साधारण सभाले संघको विधान पारित गरेको छ। विधान सर्वसम्मत पारित भएको टेनिस संघका कार्यालय सचिव प्रवीण देवकोटाले जनाएका छन्। साधारण सभाले पारित विधानलाई स्वीकृतिका लागि राष्ट्रिय खेलकुद परिषद्मा पठाउने निर्णय गरेको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको हकदावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७४/०८/०७ मा दर्ता भएको **प्रा.लि. नं. १७८८४८** को **विजया कुलवन्त परोपकार सेवा प्रतिष्ठान प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: DISTANCE DIMENSIONS CONTRACTING COMPANY IS A ONE PERSON COMPANY — शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०७९/११/२८ — चलानी नं.: ६०१९७९८२ — L.T. No.: 282460 — पुन :विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Office and Facility Cleaning Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३४,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार २४ गते (9 July 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

अल-जाफर ईन्टरनेशनल प्रा. लि.
श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com



# ‘संघीय सरकारले त्रुटि गरेको छ, अब सच्चिएर अगाडि बढ्ने आशा छ’

संघीय सरकारले आगामी आर्थिक वर्षको बजेट पास ग¥यो, प्रदेश सरकारहरु छलफलकै चरणमा छन् । असार १५ गते अधिकांश स्थानीय तहहरुले आफ्नो बजेट पेस गरे भने केही स्थानीय तहहरुको भने बाँकी रहेको छ । संघीय सरकार र प्रदेश सरकारहरुले संविधान विपरित आफ्नो कार्यक्षेत्र भन्दा बाहिर गएर स्थानीय तहका योजनाहरुमा बजेट विनियोजन गर्ने काम गरेका छन् । आफ्नो कार्यक्षेत्र संघीय सरकार र प्रदेश सरकारहरुले मिच्ने काम हुँदा पनि स्थानीय सरकारहरु निर्णायक विरोधमा उत्रिन सकेनन् । बजेट पास हुनुवित्तिकै संघीय सरकारको पहलमा शनिबार राष्ट्रिय समन्वय समितिको बैठक राखेको छ । प्रस्तुत छ, सोही सन्दर्भमा नेपाल नगरपालिका संघका अध्यक्ष **भिमप्रसाद ढुंगाना** र गाउँपलिका राष्ट्रिय महासंघकी अध्यक्ष **लक्ष्मीदेवी पाण्डे**सँग मध्यान्ह दैनिकका लागि **नारायण अर्याल**ले गरेको कुराकानीको सम्पादित अंश :

**संघीय सरकार र प्रदेश सरकारले आफ्नो संवैधानिक सीमा नाघेर शसर्त योजनाहरु अगाडि बढाउँदा स्थानीय सरकारहरु किन मुकदर्शक मात्रै बने ? समन्वय समितिको बैठकमा कसरी विषयहरु उठाउनुभयो ?**

हामी मुखदर्शक मात्रै बनेर बसेका छैनौं । आज मात्रै हाम्रो राष्ट्रिय समन्वय परिषद्को पहिलो बैठक बसेको छ । आज मात्रै राष्ट्रिय समन्वय परिषद्को कार्यविधि पास गरेका छौं । कार्यक्रममा देखिएको अस्पष्टता र दोहोपन हटाउने सम्बन्धमा उपसमितिहरु बनाएका छौं । तीनै तहको सरकारको जिम्मेवारी स्पष्ट गर्नेगरी उपसमिति बनाएका छौं ।

प्रदेशले पनि स्थानीय तहको अधिकारलाई मिच्ने काम गरेको छ । संघले पनि गरेको छ । हामीले आवाज उठाउने विषयमा चुप लागेर बसेका छैनौं । तथापी अहिले वित्तीय समानीकरणको ५० प्रतिशत, राजस्व लगायत विषयमा आज स्पष्ट रुपमा राखिसकेपछि प्रधानमन्त्री र सबै मन्त्रीहरु सहमत हुनुभयो ।

स्थानीय सरकारलाई प्राप्त हुने बजेट हिजो भन्दा आज १३ प्रतिशत घटेको छ । कुल बजेटको पाँच प्रतिशत मात्रै स्थानीय तहलाई दिइएको छ भने ससर्त अनुदानको बजेट पाँच प्रतिशतले बढेको छ । यसरी बजेट ल्याइनु भनेको संघीयताको उपहास हो र सांसद विकास कोष भनेर दिइएको जुन पाँच करोड रुपैयाँ पैसा छ, त्यो भनेको दुर्भाग्य हो भनेर मैले धेरैपटक भन्ने गरेको छु ।

आज चाहिँ म के खुसी छु भने तीन महिनाभित्रमा सबै उपसमितिहरुले आ-आफ्ना रिपोर्टहरु ल्याएपछि समन्वय परिषद्को बैठक बसेर निर्णय गराएर सबैलाई विधिसम्मत ढंगले जाने भनेर आज निर्णय भएको छ । त्यसैले गर्दाखेरी अब केही हुन्छ भन्नेमा आशावादी छु ।

**संघीय सरकारको बजेट पास भइसक्यो र प्रदेश सरकारहरुले प्रस्तुत गरेका बजेटहरुमाथि छलफल जारी छ । समन्वय परिषद्को बैठक बजेट अगाडि हुनुपर्दैन थियो ?**

समन्वय परिषद् सम्बन्धी व्यवस्था २०७७ मा आएको हो । यो बैठक अगाडि नै बस्नुपर्दथ्यो । ०७७ सालदेखि नै निरन्तर बस्नुपर्दथ्यो । प्रत्येक वर्ष असोज मसान्तभित्र बस्नुपर्दथ्यो । तर, हामीले के गर्नसक्छौं र आवाज उठाउने कुरा हो । अहिलेको बैठक नभएको भएदेखि हामीले बैठकको लागि कल गरिसकेका थियौं । ७५३ वटै सरकार कुनै कठोर निर्णय गरेर जाने मोडमा हामी थियौं, तथापी त्यो स्थिति रहेन अब । अलिकति आशाबादी भएका छौं ।

**के संघीय सरकारले संवैधानिक रुपमा आफ्नो कार्यक्षेत्र भन्दा बाहिर गएर प्रस्ताव गरेका योजना कार्यान्वयनलाई रोक्न सकिँदैन ?**

रोक्न नसक्ने भन्ने हुँदैन । स्थानीय सरकारले रोक्न सक्छ । मैले अहिले भावनात्मक कुरा नगरौं । नीति नियम, विधान कस्तो बनेर आउँछ ? ती विषयमाथि हाम्रो केन्द्रीय समितिको बैठक बस्न प¥यो । अर्को नगरपालिका संघ र गाउँपालिका महासंघको बीचमा पनि बैठक बसेर निर्णय गर्नुपर्ने हुन्छ ।

**आफ्ना मुद्दाहरु लिएर सर्वोच्च अदालतमा रिट लिएर जान सकिन्छ, तर तपाईंहरु किन जानुहुन्न ?**

आर्थिक वर्ष ०७७/७८ मा माध्यमिक तहका शिक्षकहरुको सम्बन्धमा तत्कालिन नेकपा सरकारले गरेको निर्णयको विरुद्धमा म आँफैले सर्वोच्चमा रिट हालेको हुँ । अहिले हामीसँग बाझिएका ऐनहरुको सम्बन्धमा सर्वोच्चमा रिट हालेका छौं । नीतिगत रुपमा मुख्य कुरा भनेको साझा अधिकार र बाझिएका ऐनहरुको विषय हो । साझा अधिकार र बाझिएका ऐनहरुको विषयमा दोहो¥याएर रिट हाल्ने कुरा भएन ।

वित्तीय आयोगले पनि समानीकरणको बजेट कटाउनुहुन्न यो संवैधानिक अधिकारको विषय हो भनेर । नैतिक दबाब सरकारलाई परेको छ । अर्थमन्त्रीले म केही गर्छु भन्नुभएको छ । अब हेरौं ।



**संघीय सरकार र प्रदेश सरकारले आफ्नो संवैधानिक सीमा नाघेर शसर्त योजनाहरु अगाडि बढाउँदा स्थानीय सरकारहरु किन मुकदर्शक मात्रै बने ? समन्वय समितिको बैठकमा कसरी विषयहरु उठाउनुभयो ?**

यो विषयलाई हामी संघ/महासंघले बेजोडका साथ उठाएका छौं । यो विषयलाई उठाउनै नसकेको भन्ने चाहिँ होइन । हामी अब अदालत जान परेपनि जानुपर्छ भन्ने मानसिकतामा गएका छौं । मान्छे मुड्की बजारेरै हिँड्ने कुरा चाहिँ होइन । हामीले उठाएको आवाज संविधानको हित अनुकुल छ । स्थानीयत तह संघीयताको जगमा छ । हामीले पालना गर्छौं, संघ र प्रदेशलाई सहयोग गर्छौं, वातावरण भयो भने राजस्व संकलन गर्नेदेखि शुसासन सहितको यात्रा गर्न हामी तयार छौं । संविधानको दायरा नाघेर जान भएन भन्ने आवाज हामीले उठाइरहेका छौं । आजको राष्ट्रिय समन्वय परिषद्को बैठकमा पनि हामीले व्यापक रुपमा यो विषय उठाएका छौं । हामीले निर्माण गरेको संविधान हो, यसलाई नाघ्न हुँदैन भनेर उहाँहरुले बुझ्नुपर्छ । सबैभन्दा धेरै जवाफदेही संघ सरकार हुनुप¥यो नी । कतिपय संविधान जारी गर्ने व्यक्तिहरु त्यहीँ हुनुहुन्छ, उहाँहरुले उठाउने विषय हामीले उठाइरहेका छौं भने यस्तो लज्जाजनक विषयमा हामीलाई मुखदर्शक भन्न मिल्दैन ।

**संघीय सरकारको बजेट पास भइसक्यो र प्रदेश सरकारहरुले प्रस्तुत गरेका बजेटहरुमाथि छलफल जारी छ । समन्वय परिषद्को बैठक बजेट अगाडि हुनुपर्दैन थियो ?**

हामीले तीनै तहको सरकारको बजेट सार्वजनिक गर्नुभन्दा अगाडि पनि यो विषय उठाएका थियौं । यति ठूलो क्षति हुन्छ भन्ने कुरा संघीय सरकारका सञ्चालकहरुले आंकलन नै नगरीकन संविधानको हित विपरित आँफै नांगो हुने कुरालाई हामीले भनिरहनु पर्छ जस्तो मलाई लाग्दैन । अब यो विषयलाई हामीले सहजताका साथ लैजान्छौं भनेर उहाँहरुले प्रतिबद्धता जाहेर गर्नुभएको छ । आजको ऐतिहासिक र पहिलो बैठक भएको छ, हिजो वितेको समयमा त्रुटिहरु भए त्रुटी सच्याउँछौं भनेर आइसकेपछि हामीले यो विषयलाई धेरै ठूलो सतर्कताका साथ हेरेका छौं । धेरै ठूलो क्षति भइसकेको छ । अब दुर्घटनामा जान नदिनका लागि सबै सच्चिएर अगाडि बढ्नुपर्छ । प्रदेशका मुख्यमन्त्रीहरुले पनि त्रुटी नदोहो¥याउने भन्नुभएको छ । अब हामीले संविधान बोकेर अदालत जाने वातावरण नहोस भनेर हामीले आफ्ना कुराहरु राखेका छौं ।

# वायुसेवा निगमले मनायो ६५औं वार्षिकोत्सव

**काठमाडौं/मस** - राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले ६५औं वार्षिकोत्सव मनाएको छ । दिवसका अवसरमा नयाँसडकस्थित निगमको केन्द्रीय कार्यालयमा शनिबार वैदिक विधिअनुसार आकाश भैरवको पूजा आराधना गरिनुका साथै प्रभातफेरी आयोजना गरिएको छ ।

विगतका वर्षहरुमा औपचारिक कार्यक्रम गरेर दिवस भव्यरुपमा मनाइने गरिएको भए पनि निगमले यसपटक सामान्यरुपमा कार्यालय परिसरमै अनौपचारिक कार्यक्रम तथा शुभकामना आदानप्रदान गरेर वार्षिकोत्सव मनाएको हो । निगमको प्रधान कार्यालयबाट सुरु भएको पैदल यात्रा वसन्तपुर, आकाश भैरव मन्दिर, असन, जमल, घण्टाघर, शहीदगेट हुँदै निगमको प्राङ्गणमा आएर अनौपचारिक कार्यक्रममा परिणत भएको थियो ।

वार्षिकोत्सवका अवसरमा शुभकामना व्यक्त गर्दै निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले राष्ट्रिय ध्वजावाहकको मान र स्वाभिमान कायम राख्दै निगमको हितमा काम गर्न कर्मचारीलाई आग्रह गरे। उनले सम्पूर्ण कर्मचारी अनुशासित भई एकजुट भएर बाधा अड्चनलाई छिचोल्दै, राष्ट्रिय दायित्वको भूमिका निर्वाह गर्न पनि अनुरोध गरे ।

वार्षिकोत्सवको अवसरमा असार ८ गते केन्द्रीय कार्यालयमा र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रक्तदान कार्यक्रमको आयोजना गरेको थियो । जसमा निगमका एक सय ७२ जना कर्मचारीले रक्तदान गरेका थिए । त्यसैगरी निगमको केन्द्रीय कार्यालयमा असार १५ गते टेबल टेनिस प्रतियोगिता आयोजना गरिएको थियो । उक्त प्रतियोगितामा पुरुषतर्फ निगमका का.मु. उपनिर्देशक शैलेश कंशाकार पहिलो र निगमका अध्यक्ष युवराज अधिकारी दोस्रो भएका थिए । महिलातर्फ उपनिर्देशक सविना शाक्यले पहिलो र उपनिर्देशक प्रतिभा शर्मा दोस्रो भएका थिए। निगमले बिना तामझाम आर्थिक मितव्ययता अपनाइ वार्षिकोत्सव कार्यक्रम मनाइएको विज्ञप्तिमा जनाइएको छ ।


## UAE को प्रतिष्ठित Jems Int’l School मा पुरुष कामदारहरूको लागि रोजगारी

कम्पनी: INFRACARE MAINT. & CLEANING LLC शहर: UAE

पूर्व स्वीकृत मिति:२०८०/०३/१२ चलानी नं.:६०२०३८९९ LT. No.:288689

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 200 | 0 | स. काममा दक्ष | 800 | २८,५२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

सामान्य अंग्रेजी र हिन्दी बोलचाल गर्न सक्ने र उमेर १८ देखि ३८ वर्ष सम्म हुनुपर्नेछ ।

फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार १७, १८, १९, २१ र २२ गते (2, 3, 4, 6 & 7 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

साथै UAE को प्रतिष्ठित UIG Group कम्पनीबाट Mason, Carpenter, Scaffolder, Labour Helper, Still fixer को माग भई आएकोमा फाइनल अन्तर्वार्ता प्रधान कार्यालय काठमाडौंमा: असार १७ (आज), १८ (भोली) र २१ र २२ गते हुनेछ ।

पूर्व स्वीकृत मिति: २०७८/०९/२० चलानी नं.:६०१७२०४६ LT. No.: 255573

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

अञ्जली ओभरसिज सर्भिस प्रा. लि.
सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटो हुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 4987207 | 4982296 | E-mail : pro@anjalioverseas.com.np
Mobile No.: 9801012690 | 9801175502 | 9801175503 | 9801051244
श्रम इजाजत नं. ६३९/०६३/०६४


## सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटचोक, मोरङ, कोशी प्रदेश, नेपाल

### सुन्दरहरैंचा नगरपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।

*वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।*

## धनौजी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
धनौजी, धनुषा
मधेश प्रदेश, नेपाल

### धनौजी गाउँपालिकाद्वारा बाढीको जोखिमबाट बच्न गाउँबासीमा सचेतनामूलक सूचना

**बाढीको बेला निम्न कुराहरुमा ध्यान दिऔं:**

- गेजरिडरबाट नदीमा बाढीको सतह र अवस्थाको बारेमा नियमित जानकारी लिने गरौं ।
- मोबाइल फोन नियमित चार्ज गरेर राखौं ।
- रेडियो र टेलिभिजनबाट आउने वर्षा र बाढी सम्बन्धी खबर/सन्देश ध्यान दिएर सुनौं ।
- बाढीको चेतावनी तह र खतराको सूचना पाउन साईरनको आवाज ध्यान दिएर सुनौं । प्रत्येक पटकको साईरनका आवाज पश्चात हाते माईकको निर्देशनको ख्याल गरौं ।
- बाढीबाट जोगिन नदी तटीय क्षेत्रमा बस्न हुन्न ।
- होचो भूभागमा आवातजावत गर्न हुन्न ।
- गाउँ र वस्तीमा बाढी आयो भने उचो भूभागमा जानुपर्छ ।
- उचो भूभागमा जाने ठाउँ छैन भने आफ्नो घरको पहिलो, दोस्रो तल्ला वा छतमा बस्न सकिन्छ । छतमा पनि बस्न सक्ने अवस्था भएन भने बाहिरबाट गएका उद्धार टोलीलाई आफ्नो समस्या भन्नुपर्छ ।
- ठूलो पानी परिरहे जोखिम युक्त क्षेत्र नजिक भए नसुती चनाखो भै बस्नुपर्छ ।
- वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढी नियन्त्रण गरौं ।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**